


# युनिक नेपाल

## UNYC Nepal

# वार्षिक प्रगति प्रतिवेदन
## २०८१/०८२

केन्द्रीय कार्यालय
राजापुर न.पा.-२ जोतपुर, बर्दिया
www.unycnepal.org.np





प्रकाशक : युनिक नेपाल

ठेगाना : राजापुर नगरपालिका वडा नं. २, जोतपुर, बर्दिया

फोन नं. : ०८४ ४२१०३८ गुलरिया, ९८५८०४३३५५ जोतपुर

इमेल : unyc.bardiya@gmail.com

वेबसाइट : www.unycnepal.org.np

फेसबुक पेज : www.facebook.com/unycnepal2052

प्रकाशन वर्ष : २०८१

# युनिक नेपालको कार्य समितिका पदाधिकारी र सदस्यहरु



प्रिम बहादुर थारु
अध्यक्ष



निर्मला चौधरी
सचिव



जीत बहादुर थारु
कोषाध्यक्ष



राधा चौधरी
सदस्य



भागीराम थारु
सदस्य



निर्मल कुमार थारु
सदस्य



बसन्ती दहित
सदस्य


राजपुर नगरपालिका र गेरुवा गाउँपालिकाका
सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई
युनिक छात्रवृत्ति
वितरण तथा सम्मान कार्यक्रम
१८ फागुन २०८१ : राजपुर न.पा. २, जोतपुर, बर्दिया
युनिक नेपाल
२०५२
नयाँ गाउँ बर्दिया

# अध्यक्षको मन्तव्य



युनिक नेपालले स्थापना कालदेखि नै समुदायको विकास, हक अधिकार, वकालत र भौतिक संरचना निर्माणको कार्य गर्दै आई रहेको कुरा सर्वविदितै छ । खास गरेर आदिबासी थारू समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा महत्वपूर्ण कार्य गरेको छ । यस संस्थाले थारू समुदायमा अभ्यस्त बरघर प्रणालीको सशक्तिकरण र गुरूवा बैडावाहरूको क्षमता विकासका लागि पनि महत्वपूर्ण योगदान दिंदै आएको छ । थारू भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने, अनुसन्धान कार्य र पुस्तक छपाई गरी दस्तावेजीकरणको कार्य गर्दै आएको छ ।

गरिब तथा सिमान्तकृत र जेहेन्दार विद्यार्थीहरूको नियमित र उत्कृष्ट पठनपाठनमा हौसला प्रदान गर्नका लागि यस संस्थाले माध्यमिक तहका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ । यस आर्थिक वर्षमा २०८१/०८२ मा छोटो अवधी र दीर्घकालिन छात्रवृत्ति गरी ७७ जना विद्यार्थीहरूलाई र संस्थापक छात्रवृत्ति ५ जना विद्यार्थीहरूलाई प्रदान गरेर शिक्षाको क्षेत्रमा महत्वपूर्ण कार्य गरेको अनुभूति भएको छ । साथै थारू समुदायको संस्कार र संस्कृतिसँग जोडिएको थारू भोजाहा माँगर गीत र भू-उपयोग सम्बन्धी चक्लाबन्दी मार्ग चित्र पुस्तकको प्रकाशन गरेका छौं । यस वर्ष राजापुर नगरपालिका वडा नं. ४ र ५ का ४६ वटा मुक्त कमैया, सुकुम्बासी, तथा विपन्न परिवारहरूलाई सुरक्षित आवस परियोजना अन्तर्गत सुरक्षित घर निर्माण गरी हस्तान्त्रण गर्न पाउँदा खुशी लागेको छ ।

विगत २५ वर्ष देखि सञ्चालन गर्दै आएको एम्बुलेन्स सेवालाई निरन्तरता दिएको छौं । यसले गर्दा विरामीहरूलाई आपत विपतका वेला समयमा स्वास्थ्य सेवाको पहुँच पाएका छन् । यसै गरी रक्तदान कार्यक्रम पनि निरन्तर आयोजना गर्दै आएका छौं । यस क्षेत्रका आर्थिक अवस्था कमजोर भएको बिरामीहरूलाई आर्थिक सहयोग तथा युवा सशक्तिकरणका लागि खेलकुदमा सहयोग गर्ने अवसर मिलेको छ ।

युनिक नेपालको नीति तथा कार्यक्रम निर्माणका साथै वार्षिक प्रतिवेदन प्रकाशनमा अमुल्य राय, सुझाव दिनुहुने युनिक नेपालका संस्थापक संरक्षक डा. गोपाल दहितज्यूप्रति हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु । कार्य समितिका सहकर्मी साथीहरू धन्यवादको पात्र हुनुहुन्छ । उहाँहरू प्रति आभारी छु ।

युनिक नेपालको लक्ष्य र उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गर्न आर्थिक तथा प्राविधिक राय, सुझाव र सहयोग गर्नुहुने सरकारी निकाय, बैंक तथा वित्तिय संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्दछु । यो वार्षिक प्रतिवेदनको लेआउट डिजाइन तथा छपाईको कार्य गरी सहयोग गर्ने ड्रिम ग्राफिक प्रेस काठमाण्डौंलाई हार्दिक धन्यवाद र प्रतिवेदन लेखन तथा सम्पादन गर्नुहुने युनिक नेपालका कार्यक्रम अधिकृत जगत राम चौधरी तथा महत्वपूर्ण समय दिनु हुने सबै कर्मचारीहरूलाई मुरी मुरी धन्यवाद ।

**प्रिम बहादुर थारू**
अध्यक्ष

# विषय सूची


**क) आन्तरिक श्रोतबाट सञ्चालित कार्यक्रमहरू** ........ १

१. शिक्षा ........ १

२. युवा सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू ........ ४

३. स्वास्थ्य सेवा कार्यक्रम ........ ९

४. पर्यावरणीय गाउँ विकास ........ १०

५. पुस्तकालय, अनुसन्धान, तथा प्रकाशन र सञ्चार ........ १०

६. भौतिक पुर्वाधर निर्माण ........ ११

७. संस्थागत विकास ........ १२

८. आर्थिक सहयोग ........ १३

९. अध्ययन भ्रमण ........ १४

**ख) वाह्य स्रोत र साझेदारीमा सञ्चालित कार्यक्रमहरू** ........ १७

१. सुरक्षित आवास परियोजना ........ १७

**ग) तथ्याङ्क प्रतिवेदन**: ........ २५

**घ) लेखापरिक्षण प्रतिवेदन** ........ २६

**ङ) युनिक नेपालको चिनारी** ........ २७

# क) आन्तरिक श्रोतबाट सञ्चालित कार्यक्रमहरू

## १. शिक्षा

### १.१ जीवन उपयोगी सीप सम्बन्धी उत्प्रेणात्मक अभिमुखीकरण

युनिक नेपालले औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा जनचेतना बढाउने कार्य गर्दै आएको छ। राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका कक्षा ११, १२ र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई जीवन उपयोगी सीप सम्बन्धी उत्प्रेणात्मक अभिमुखीकरण गरेकोछ।

जीवन उपयोगी विभिन्न सीपहरुमा अभिमुखीकरण गरी युवाहरुमा उद्यमशिलतामा जोड दिई युवा उद्यमी बन्न उत्प्रेरणा जगाउने, लक्ष्य निर्धारण, निर्णय लिने क्षमता विकास, आत्म जागरण, भावनात्मक नियन्त्रण, समयको महत्व र त्यसको व्यवस्थापन, असल नागरिकको कर्तव्य, सकारात्मक सोंचको विकास, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, सञ्चार सीप लगायतका विषयमा अभ्यास गराउने उद्देश्यले अभिमुखीकरण गरिएको थियो। यसबाट युवाहरुमा देखिएका समस्याहरुलाई व्यवस्थान गर्न सहजता ल्याउने र तनाव व्यवस्थापन गर्न मदत पुगेको छ।



जीवन उपयोगी सीप सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई सहजिकरण गर्दै संरक्षक डा. गोपाल दहित।

अभिमुखीकरण कार्यक्रममा व्यक्तिगत सचेतना, समस्या समाधानका उपाय, द्वण्द्व व्यवस्थापन र वार्ता सीपको विषयमा सहजिकरण गरिएको थियो। यसका साथै जीवनको योजनासँगै रोजगारीका लागि गर्नुपर्ने आवश्यक तयारीहरु, जागिर खोज्ने तरिका, जागिरको लागि बायोडाटा बनाउने र अन्तरवार्ता दिने तरिका, जागिरको प्रस्तावलाई विचार गर्ने सीप र उद्यमशीलताको विषयहरुमा पनि सहजिकरण गरिएको थियो।

जीवन उपयोगी सीपमुलक अभिमुखिकरणलाई व्यवस्थित बनाउन सहभागीहरुका सहमती लिई केही आधारभूत नियम पनि बनाइएको थियो जसमा व्यवस्थापन, प्रतिवेदन लगायतको जिम्मेवारी पनि दिइएको थियो। उद्घाटन सत्र पछि युनिक नेपालका संरक्षक डा. गोपाल दहितले युवाहरुलाई उत्प्रेरणात्मक सत्रमा छलफल गराउनु भएको थियो। युवा उद्यमी बन्न उत्प्रेरणा दिदै जीवनमा सफल कसरी बन्न सकिन्छ भन्ने विभिन्न उदाहरण प्रस्तुत गर्नु भएको थियो। डा. दहितले युवाहरुलाई विभिन्न अवसर, सम्भावित चुनौतीहरुका साथै जीवनको लक्ष्य निर्धारण, समयको महत्व, असल नागरिकको कर्तव्य, वित्तीय साक्षरता लगायतको विषयमा छलफल चलाउनुभएको थियो। त्यसपछिको सत्रमा तनाव व्यवस्थापन, संवेगात्मक नियन्त्रण, सकारात्मक सोंचाई, मौलिक हक अधिकार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार लगायत कानुनी प्रावधानमा छलफल गराइएको थियो। कानुनी सचेतना पछि ओपन क्लिन अवधारणाबारे सहजकर्ता शोभा चौधरीले सहजिकरण गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा औपचारिक रुपमा समापन गरिएको थियो जसमा युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुले सहभागीहरुलाई तालिमबाट सिकेका ज्ञानलाई जीवनोपयोगी बनाउन सल्लाह सुझाव दिनु भएको थियो। साथै युवाहरुले लक्ष्य निर्धारण गरि जीवनलाई सहज बनाउन लक्ष्य प्राप्तिमा ध्यान दिन सुझाव दिनु भएको थियो।

अभिमुखीकरण कार्यक्रमलाई संस्थाका संरक्षक डा. गोपाल दहित तथा सहजकर्ता शोभा चौधरीले सहजिकरण गर्नु भएको थियो। अभिमुखीकरण कार्यक्रम युनिक नेपालको केन्द्रीय कार्यालय जोतपुरमा सम्पन्न भएको थियो।

### १.२ युनिक नेपाल छात्रवृत्ति वितरण कार्यक्रम

आर्थिक वर्ष २०८१/०८२ मा ७७ जना राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई रु. ८ लाख ७० हजार रुपैयाँ युनिकले छात्रवृत्ति प्रदान गरेको छ। ५ जना विद्यार्थीहरुलाई संस्थापक छात्रवृत्ति, २७ जना विद्यार्थीहरुलाई दीर्घकालिन र ५० जना विद्यार्थीहरुलाई छोटो अवधिको छात्रवृत्ति २०८१ साल फागुन १८ गतेका दिन छात्रवृत्ति वितरण कार्यक्रम

आयोजना गरी प्रदान गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि संविधान सभा सदस्य, पुर्व मन्त्री, युनिक नेपालका संरक्षक डा. गोपाल दहितले छात्रवृत्ति वितरण गर्नु भएको थियो। कार्यक्रममा राजापुर नगर पालिका वडा नं. ५ का वडा अध्यक्ष रमेश दहित, वडा नं. ६ का अध्यक्ष असराज न्यौपाने, वडा नं. ८ का अध्यक्ष राजेश थारु, गेरुवा गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष कर्म प्रसाद चौधरी, वडा नं. २ का अध्यक्ष कृष्ण थारु, वडा नं. ३ का अध्यक्ष निर्मल थारु उपस्थित रहनु भएको थियो।

यसै गरी कालिका मा.वि.चनौराका प्र.अ. बीरबल चौधरी, किसान मा.वि. खल्लाजयपुरका प्र.अ. देवीराम अधिकारी, भेरी मा.वि. ललितापुरका प्र.अ. शिव प्रसाद कोईराला, ने.रा.मा.वि. गोडियानाका प्र.अ. राजन चौधरी, जानकी मा.वि. जनक नगरका सहायक प्र.अ. टिकाराम चौधरी, नेपाल राष्ट्रिय गणेश मा.वि.प्रसेनीपुरका प्र.अ. भक्क प्रसाद ढुङ्गाना, विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रतिनिधिहरु, ई.प्र.का. बालाबजारका चौकी इन्चार्ज निरक बस्नेत, बालाबजार व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरी, बरघरहरु, स्थानीय बुद्धिजीवी, पत्रकार, अभिभावक तथा विद्यार्थीहरुको सहभागीता रहेको थियो।

दीर्घकालिन छात्रवृत्ति कक्षा ८ का विद्यार्थीहरुलाई प्रदान गरिने गरिन्छ। युनिक छात्रवृत्ति वितरण निर्देशिका अनुसार सामुदायिक विद्यालयमा अध्ययन गर्ने आदिवासी थारु, मुक्त कमैया, मुक्त कम्लह्री, दलित, जनजाति, मुस्लिम, विपन्न तथा टुहुरा भएका जेहेन्दार विद्यार्थीहरुलाई प्रदान गर्दै आएको छ। दीर्घकालिन छात्रवृत्ति कक्षा ७ मा उत्तीर्ण भई कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गर्ने गरिन्छ भने छोटो अवधिको छात्रवृत्ति कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिन्छ।



युनिक छात्रवृत्ति प्रदान गर्नुहुँदै संरक्षक डा. गोपाल दहित।

दीर्घकालीन अवधिको छात्रवृत्ति रकम रु. १० हजार छ भने यो छात्रवृत्ति ५ वर्षसम्म प्रदान गरिन्छ। छोटो अवधिको छात्रवृत्ति रकम रु. ७ हजार रुपैयाँ रहेको छ। राजापुर नगरपालिकाका पद्‌म कुमारी मा.वि. जयपुर, कालिका मा.वि. चनौरा, अमर शहीद दशरथ चन्द मा.वि. राजापुर, नेपाल राष्ट्रिय मा.वि. नयाँगाउँ, नेपाल राष्ट्रिय मा.वि. गोडियाना, भेरी मा.वि. ललितापुर, मानपुरटपरा मा.वि. टपरा, किसान मा.वि. खल्लाजयपुर र गेरुवा गाउँपालिकाका एकप्रिय राठोर मा.वि. पाताभार, जानकी मा.वि. जनकनगर, नेपाल राष्ट्रिय गणेश मा.वि. प्रसेनीपुर, जनता मा.वि. गोला गरी जम्मा १२ वटा विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको थियो।



युनिक छात्रवृत्ति वितरण कार्यक्रमको सामुहिक तस्बिर।

यसै गरी युनिक नेपालका सदस्यहरुको छोराछोरीहरुलाई मात्र प्रदान गर्ने संस्थापक छात्रवृत्ति यस वर्ष राजापुर-२ बर्गदहीका महर्षि कलेज काठमाडौंमा कम्प्युटर साइन्स अध्ययनरत विवेक दहित, राजापुर - २ जोतपुरका शंकरदेव क्याम्पसमा वि.वि.एम. अध्ययनरत अतुल दहित, राजापुर - २ जोतपुरका काठमाण्डौं मोडेल हाई सेकेण्डरी स्कुलमा विज्ञान विषय अध्ययनरत नितेश थारु, राजापुर - २ नयाँगाउँकी बागेश्वरी बहुमुखी क्याम्पस बि.एड. अध्ययनरत मनिषा चौधरी र राजापुर - १० खैरीका बुटवल बहुमुखी क्याम्पसमा एल.एल.बी. अध्ययनरत मनोज कहाँरलाई प्रदान गरिएको थियो। छात्रवृत्ति वितरण कार्यक्रममा श्री पद्‌म कुमारी मा.वि. जयपुरका म्युजिक टिम आफ्नो सांगितिक प्रस्तुती गरेका थिए भने बीच बीचमा हुर्डुङ्गवा थारु नाच पनि प्रस्तुत गरिएको थियो। युनिक नेपालले आफ्नो स्थापनाकाल देखि नै शिक्षा क्षेत्रमा महत्वपुर्ण योगदान गर्दै आएको छ।

## १.३ असल अभिभावकत्व शिक्षा कार्यक्रम

असल अभिभावक शिक्षाले बालबालिकाको उचित स्याहार, मानसिक, सामाजिक, शारीरिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउँछ। यसले अभिभावकहरुलाई बच्चासँग कसरी असल संवाद गर्ने, अनुशासन

कसरी सिकाउने र सकारात्मक व्यवहार विकास गर्ने सिकाउँछ । अभिभावक शिक्षाले अभिभावकको क्षमतामा पनि वृद्धि गर्छ र बालबालिकाको सिकाई र सामाजिक विकासमा सकारात्मक प्रभाव पार्दछ । यसले अभिभावक र बालबालिका बीच राम्रो सम्बन्ध बन्न मद्दत गर्दछ, जसले बालबालिकाको मनोबल र आत्मविश्वास बढाउँछ।




असल अभिभावकत्व शिक्षा तालिम कार्यक्रमलाई सहजिकरण गर्दै सहजकर्ता क्षेत्र प्रसाद ज्ञवाली ।

असल अभिभावक बन्नका लागि अभिभावक शिक्षाको महत्व अत्यन्तै ठूलो छ जसले बच्चाको भविष्य समृद्ध बनाउन सहयोग गर्दछ। यसर्थ युनिक नेपालले श्री किसान मा.वि. बदालपुर र श्री युवक मा.वि. जोगीगाउँमा अभिभावकहरुलाई असल संस्कार सहितको असल अभिभावकत्व सम्बन्धी तालिमको आयोजना गरी ३ सय २५ जना अभिभावकहरुलाई असल अभिभावकत्व सम्बन्धी तालिम प्रदान गरेकोछ।

२०८२ साल जेठ २४ गतेका दिन किसान मा.वि. बदालपुर र युनिक नेपालको आयोजनामा किसान मा.वि. बदालपुरमा पहिलो चरणको तालिम सम्पन्न गरेको थियो । तालिम कार्यक्रममा विद्यार्थीहरुको १ सय ६८ जना अभिभावकहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सभापतित्व किसान मा.वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेलु राम थारुले गर्नु भएको थियो भने राजापुर नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष रमेश दहित प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रममा असल अभिभावकमा हुनु पर्ने गुणहरु के के र कस्ता किसिमका हुनु पर्छ। उहाँहरुले विद्यालयमा जाँदा आउँदा कसरी कस्तो तरिकाले जाने, त्यसबाट बालबालिकाहरुलाई पर्ने असर के कस्तो हुन सक्छ, अभिभावकले बालबालिकाहरुलाई घरमा कसरी हेरचाह गर्ने, अभिभावकहरुको रहन सहन, खानपान, बानीबेहोरा कस्तो किसिमको गर्ने, बालबालिकाहरुको अगाडि झुठो नबोल्ने र बालबालिकाहरुको असल बानी व्यवहार बनाउनका लागि असल संस्कार कसरी सिकाउन सकिन्छ भन्ने विषयमा भिजुअल सर्ट फिल्म, कथा बाचन, प्रश्नोत्तर तथा प्रयोगात्मक विधिबाट सहजकर्ताले प्रशिक्षण गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा वडा नं. ५ का वडा अध्यक्ष रमेश दहितले यस्तो किसिमको प्रभावकारी कार्यक्रहरु विद्यालयहरुमा सञ्चालन गर्न आवश्यक रहेको जिकिर गर्दै आउने दिनहरुमा अझ यस्ता किसिमका कार्यक्रम गर्न अनुरोध गर्नु भएको थियो ।

यसै गरी २०८२ साल जेठ २६ गतेका दिन युनिक नेपाल र श्री युवक मा.वि.जोगीगाउँको संयुक्त आयोजनामा दोस्रो चरणको असल अभिभावकत्व सम्बन्धी तालिम युवक मा.वि. जोगीगाउँ बर्दियाको सभा हलमा सम्पन्न गरेको थियो । तालिम कार्यक्रममा विद्यार्थीहरुको १ सय ५७ जना अभिभावकहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सभापतित्व युनिक नेपालका सचिव निर्मला चौधरीले गर्नु भएको थियो भने बारबर्दिया नगरपालिका वडा नं. २ का वडा अध्यक्ष रामफेरन थारु प्रमुख अतिथि रहनु भएको थियो ।



असल अभिभावकत्व शिक्षा तालिम कार्यक्रमका सहभागीहरु ।

तालिमको सहजिकरण मोटिभेसनल स्पिकर क्षेत्र प्रसाद ज्ञवालीले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन युनिक नेपालका कार्यक्रम अधिकृत जगत राम चौधरीले गर्नु भएको थियो ।

# २. युवा सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू

## २.१ प्रथम युनिक दौड प्रतियोगिता

खेलकुद प्रतियोगिताले सहभागी, नागरिक, विशेषगरी युवा वर्गलाई शारीरिक स्फुर्ती, अनुशासन, सहिष्णुता र प्रतिस्पर्धाको भावना विकास गराउँछ। यसले व्यक्तिगत स्वास्थ्य मात्र होइन, राष्ट्र र राष्ट्रिय एकताको भावना पनि जगाउँछ। अनुशासनले मानिसलाई नियम र मर्यादामा बाँधेर सामाजिक सद्भाव र शान्तिपूर्ण सहअस्तित्व सुनिश्चित गर्दछ। युनिक नेपालले यस वर्ष राजापुर नगरपालिकाका सम्पुर्ण विद्यालय, क्याम्पस, आम सर्वसाधारणलाई लक्षित गरी २०८१ असोज १७ गतेका दिन राजापुर नगरपालिका वडा नं. ४ भन्सार चोकमा "स्वास्थ्यको लागी खेल, राष्ट्को लागी खेल" भन्ने मुल नाराका साथ जिल्ला खेलकुद विकास समिति र जिल्ला एथलेटिक्स् संघको समन्वयमा "प्रथम युनिक दौड प्रतियोगिता २०८१" युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुको अध्यक्षता, संरक्षक डा. गोपाल दहितको प्रमुख आतिथ्यता तथा राजापुर नगरपालिकाका नगर प्रमुख दिपेश थारुको विशिष्ट आतिथ्यतामा आयोजना गरेको थियो। दौड प्रीतियोगितामा ८ कि.मि. पुरुष र ५ कि.मि. महिला खुल्ला दौड प्रतियोगिता गरी दुई इभेन्ट समावेश गरिएको थियो।

दौड प्रतियोगितामा पुरुष तर्फ १ सय ५ जना र महिला तर्फ ६६ जना खेलाडीहरु सहभागी भएका थिए। खुल्ला पुरुष तर्फ निरक चलाउने र महिला तर्फ पूजा पछाई प्रथम भएका थिए। पुरुष तर्फ अनिल थारु द्वितिय, रमित चौधरी तृतीय र रोहित चौधरी चौथो स्थानमा आएका थिए। यसै गरी महिला तर्फ राधा सुनार द्वितिय, वर्षा राई तृतीय र संजना थारु चौथो स्थानमा आएका थिए।



प्रथम युनिक दौड प्रतियोगिताको महिला प्रतियोगी खेलाडीहरु।



विजेता खेलाडीहरुलाई पुरस्कार वितरण पछिको सामुहिक तस्बिर।

कार्यक्रमका प्रमुख अतिथि तथा युनिक नेपालका संरक्षक डा. गोपाल दहितले पुरुष दौड प्रतियोगिताका प्रथम हुने खेलाडीलाई रु. ८ हजार, द्वितिय हुने खेलाडीलाई रु. ५ हजार, तृतीय हुने खेलाडीलाई रु. ३ हजार र चौथो हुने खेलाडीलाई रु. २ हजार ५ सय नगद पुरस्कार, मेडल तथा प्रमाण-पत्र प्रदान गर्नु भएको थियो। यसै गरी महिला तर्फ प्रथम हुने खेलाडीलाई रु. ६ हजार, द्वितिय हुने खेलाडीलाई रु. ४ हजार, तृतीय हुने खेलाडीलाई रु. २ हजार ५ सय र चौठो हुने खेलाडीलाई रु. २ हजार नगद पुरस्कार, मेडल तथा प्रमाण-पत्र प्रदान गर्नु भएको थियो।

दौड प्रतियोगिता मर्यादित र अनुशासित तरिकाले सम्पन्न गर्नका लागि बर्दिया जिल्ला एथलेटिक्स्का प्रशिक्षक बसन्त चौधरीलाई प्रमुख निर्णायकको जिम्मेवारी प्रदान गरिएको थियो भने जिल्ला एथलेटिक्स् संघका अध्यक्ष बलिराम चौधरी, युनिक स्पोर्टस् क्लबका अध्यक्ष तथा सदस्यहरु, विद्यालयका स्पोर्टस् शिक्षक र स्वयं सेवकहरुको सहयोगले प्रतियोगिता सम्पन्न भएको थियो। साथै ईलाका प्रहरी कार्यालय राजापुर र अस्थायी ट्राफिक प्रहरी पोष्ट राजापुरले पनि सहयोग गरेको थियो।

प्रतियोगिताका सहभागी प्रत्येक खेलाडीहरुको लागि चेष्ट नं., टि-शर्टको व्यवस्था गरिएको थियो भने निर्धारण गरिएको रुटमा चेक पोइन्ट, वाटर टेवलको व्यवस्था गरिएको थियो। इमर्जेन्सीको लागी एम्बुलेन्स र प्रथमिक उपचारको लागि स्वास्थ्य टोलीको पनि प्रबन्ध मिलाईएको थियो।

दौड प्रतियोगिता कार्यक्रमको समापन शत्रमा प्रमुख अतिथि डा. गोपाल दहितले यस किसिमको प्रतियोगिताले व्यक्तित्व विकासका लागि शिक्षाको साथै खेलकुद पनि आवश्यक रहेकोले आगामी वर्ष गेरुवा गाउँपालिकाका खेलाडीहरुलाई पनि समेटेर प्रतियोगिता आयोजना गर्नका लागि सुझाव दिनु भएको थियो। कार्यक्रममा राजापुर नगर प्रमुख दिपेश थारु, उपप्रमुख मनकला चौधरी, जिल्ला खेलकुद विकास समितिका प्रमुख भुपेन्द्र पुनले पनि मन्तव्य राख्नु भएको थियो। यस प्रतियोगिताले महिलाहरुको समान अवसर, सहभागीता सुनिश्चित र महिला सशक्तिकरणमा योगदान पुऱ्याएको छ।

## २.२ थारु साँस्कृतिक नाच प्रबर्द्धन

आदिबासी जनजाति थारुहरु भाषा, साहित्य, संस्कृति, रीतिरिवाज तथा खानपानमा निकै समृद्ध छन्। थारु समुदायको भाषा, संस्कृति, साहित्य संरक्षण तथा प्रवर्द्धनको लागि युनिक नेपालले काम गर्दै आएको छ। थारु समुदायले विभिन्न समयमा नाच्ने र गाउने गीतहरुको संकलन, सम्पादन र प्रकाशन गर्ने गरेको छ। यस वर्ष युनिक नेपालले ठाकुरबाबा बरघर सञ्जाल समिति बर्दिया दशैंको अवसरमा जिउँरा जगैना कार्यक्रम अन्तर्गत सख्या नाच, हुर्डुङ्गवा नाच र बर्किमार गीत प्रबर्द्धन गर्नका लागि रु. १० हजार आर्थिक सहयोग प्रदान गरेको थियो। ठाकुरबाबा बरघर सञ्जाल समितिले दशैंको अवसरमा भव्य कार्यक्रम आयोजना गरी यो विधाका नाच तथा गीतलाई प्राथमिकताका साथ राखेर कार्यक्रम सम्पन्न गरेको थियो।

यसैगरी राजापुर नगरपालिका वडा नं. २ जोतपुरको सांस्कृतिक नाच टोलीलाई रु. ५ हजार सहयोग प्रदान गरेको थियो भने राजापुर २ नयाँगाउँ दक्षिण टोलको झुम्रा नाच टोलीलाई पनि रु. ५ हजार सहयोग प्रदान गरेको थियो। साथै यस वर्ष युनिक नेपाल छात्रवृत्ति वितरण कार्यक्रममा सांगितिक प्रस्तुतिकरण गरे वपत श्री पद्‌म कुमारी मा.वि. जयपुरको सांगितिक समुहलाई पनि रु. ५ हजार सहयोग प्रदान गरेको थियो।



थारु पोशाकमा साँस्कृतिक नाच टोली।

## २.३ रक्तदान कार्यक्रम

युवा सशक्तिकरण अन्तर्गत युनिक नेपालले रक्तदान कार्यक्रम नियमित गर्दै आएको छ। यस क्षेत्रको रगत अभावलाई पुर्ति गर्नका निमित्त यो कार्यक्रम गरिएको हो। बर्दिया जिल्लाको राजापुर क्षेत्र बहुसंख्यक थारुहरुको बसोबास रहेको क्षेत्र हो। प्रायः आदिवासी थारुहरुमा बढी देखिने सिकलसेल एनिमिया/थालेसमियाबाट यो क्षेत्रका नागरिक बढी प्रभावित रहेको पाइन्छ। रक्तदान कार्यक्रम सिकलसेल एनिमियाका विरामी, प्रसुती, दुर्घटनामा परेका तथा अन्य बिरामीहरुका लागि निकै सहयोगी सावित भएको छ। यस आर्थिक वर्षमा युनिक नेपालले ३ पटक रक्तदान कार्यक्रम आयोजना गरेको थियो। रक्तदान कार्यक्रम प्रत्येक ३/३ महिनामा आयोजना गर्ने गर्दछ।




राजापुर न.पा. नगर प्रमुख दिपेश थारुबाट रक्तदान कार्यक्रमको शुभारम्भ।

युनिक नेपालको आयोजनामा गरिएको कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाजको समन्वय रहेको थियो भने रेडक्रस सोसाइटी गुलरिया बर्दिया र राजापुर रक्त सञ्चार केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न गरिएको थियो। कार्यक्रममा १०२ जनाले रक्तदान गर्नु भएको थियो। स्थानीय संघसंस्था, व्यापारी, व्यवसायी, प्रहरी तथा जनसमुदायको सहभागीता रहेको थियो। रक्तदान कार्यक्रमले समाजमा समर्पण, सेवा र मानवीय सद्भाव अन्योन्याश्रित रुपमा विकास गराउँछ र जीवन रक्षा गर्ने महत्वपुर्ण सेवा हुन पुग्दछ। यसै गरी युनिक नेपाल र नेपाल स्वयंसेवी रक्तदाता समाजले जिल्लाका रक्तदाता समुह, रेडक्रस सोसाईटी रक्त संचार सेवा गुलरिया बर्दिया, नेपालगंज, कोहलपुर बाँके लगायत सरोकारवाला निकायसँग जिल्लामा रगतको आपुर्ति सहज बनाउन रक्तदाता तथा सेवा प्रदायकहरुको बीचमा समन्वय बैठकको आयोजना गरेको थियो। बैठक गुलरियामा सम्पन्न भएको थियो।

## २.४ सामाजिक परिचालन तालिम

सामाजिक परिचालन तालिमले समुदायका मानिसहरुलाई सशक्त बनाउने, उनिहरुको सहभागीता र सहकार्य वृद्धि गर्ने काम गर्छ। यसले समुदायमा जनचेतना, जागरुकता र स्वयंसेवी भावनालाई विकास गरी सामाजिक समस्या समाधानको दिशामा अग्रसर बनाउँछ। साथै स्थानीय स्रोत र सहयोगलाई परिचालन गरेर योजनाहरुलाई सफल बनाउन सहयोग पुऱ्याउँछ। सामाजिक परिचालन तालिमका सहभागीहरुलाई सामजिक नेतृत्व, सञ्चार कौशल, समूह व्यवस्थापन, समस्या पहिचान र समाधान गर्ने तरिका सिकाउँछ। समुदायमा सहकार्य र एकताको भावना बढाई सामाजिक न्याय, समानता तथा सशक्तिकरण सुनिश्चित गर्न मद्दत गर्दछ। यसले दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न महत्वपुर्ण भूमिका खेल्दछ। यसले समग्र समाज र राष्ट्रको समृद्धि र विकासमा ठूलो योगदान पुऱ्याउँछ।




सामाजिक परिचालन तालिमको सहभागीहरुको सामुहिक तस्बिर।

युनिक नेपालले राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका २६ जना युवाहरुलाई सामाजिक परिचालन तालिम प्रदान गरेकोछ। अध्यक्ष प्रिम बहादुर थारुको सभापतित्वमा ३ दिने सामाजिक परिचालन तालिम २०८१ साल पुस २४-२६ गते सम्म युनिक नेपालको केन्द्रीय कार्यालय राजापुर-२ जोतपुर बर्दियामा संस्थाका कार्यसमिति सदस्य, संस्थापक सदस्य तथा कर्मचारीहरुको उपस्थितिमा सञ्चालन गरिएको थियो।

तालिम कार्यक्रममा पहिलो दिन उद्‌घाटन शत्रमा सहभागीहरुलाई संस्थाका कोषाध्यक्ष जीत बहादुर थारुको स्वागत मन्तव्यसँगै शुरु गरिएको थियो। पहिलो दिन कार्यक्रमका सहभागीहरुलाई समाज परिचालनको अवधारणा, परिवेश नक्साङ्कन, स्थानीय स्रोत पहिचान र स्रोत परिचालन बारे प्रशिक्षण गरिएको थियो। तालिमको दोस्रो दिन सामाजिक पात्र नक्साङ्कन, समन्वय तथा सहकार्य विश्लेषण, सेवा प्रदायक निकाय पहिचान र सेवा प्रवाह तथा सिफारिस प्रणालीको बारेमा प्रशिक्षण गरिएको थियो। यसै गरी तालिमको तेस्रो तथा अन्तिम दिन परम्परागत अभ्यास अवलोकनको विषयमा एक जना थारु समुदायको समाजिक चलन अनुसार गाउँ सञ्चालनको मुख्य ब्यक्ति बरघरसँगको अन्तरक्रिया गरिएको थियो भने स्वयंसेवा अभियान र स्वयंसेवक सञ्जाल विस्तार तथा योजना निर्माणमा प्रशिक्षण गरिएको थियो। कार्यक्रममा युनिक नेपालका लागि २६ जना स्वयंसेवकहरुको पनि पहिचान गरिएको थियो। कर्याक्रमको सहजिकरण सहजकर्ता शोभा चौधरी, कार्यक्रम संयोजक सोम प्रसाद चौधरी र कार्यक्रम अधिकृत जगत राम चौधरीले गर्नु भएको थियो। कार्यक्रमका सहभागीहरुलाई प्रमाण पत्र वितरण पनि गरिएको थियो।

## २.५ युवा स्वयंसेवी अभियान

युवा स्वयंसेवी अभियानले युवाहरुमाभ्क सामाजिक जिम्मेवारी, नेतृत्व, विकास र सामुदायिक सहभागीतामा उत्प्रेणा जगाउँछ। यसले युवाहरुलाई शिक्षामा सहायक, स्वास्थ्य सेवा, सामाजिक जागरुकता र विकासका विभिन्न क्रियाकलापमा सक्रिय बनाउने काम गर्दछ। नेपालमा विशेषगरी ग्रामिण र शहरी युवा वर्गलाई सशक्त बनाउने, शिक्षा र सीप विकासमा सहयोग गर्ने र सामाजिक न्याय र समानतामा योगदान पुऱ्याउने महत्वपुर्ण भूमिका खेल्दछ। साथै युवाहरुको आत्मविश्वास, नेतृत्व विकास र सामाजिक चेतना अभिवृद्धि गरी देश विकासमा उनीहरुको सक्रिय भागीदारी सुनिश्चित गर्दछ। यसर्थ युनिक नेपालले यस आ.व.मा दुई जना युवाहरुलाई युवा स्वयंसेवी अभियान अन्तर्गत ३ महिना इन्टर्नशिपमा सहभागी गराई व्यवहारिक सिकाई, अनुभव तथा तालिम प्रदान गरेको थियो।

युनिक नेपालका स्वयंसेवक द्वय राजापुर नगरपालिका वडा नं. ६ मानपुरकी दिल कुमारी थारु र गेरुवा गाउँपालिका वडा नं. ६ बेलभरिया बर्दियाकी असविना चौधरीलाई यस अभियानमा सहभागी गरिएको थियो। इन्टर्नशिपमा सहभागीहरुको सम्बन्धित क्षेत्रमा प्रत्यक्ष काम गरेर सीप, दक्षता र ज्ञान बढाउन मद्दत गर्दछ। संस्थाका कार्यक्रम अधिकृत जगत राम चौधरी र कार्यक्रम संयोजक सोम प्रसाद चौधरीले प्रशिक्षण गर्नु भएको थियो भने युनिक नेपालको आन्तरिक कार्यक्रम र सुरक्षित आवस परियोजनाको खानेपानी सरसफाई तथा स्वच्छता क्रियाकलापमा सहभागी भई काम गरेका थिए।



स्वयंसेवी अभियानका सहभागीहरुलाई विदाई गर्दाको सामुहिक तस्बिर ।

यसले सहभागीहरुलाई पेशागत जीवनका चुनौती बुझ्न र समाधान गर्न सहयोग मिलेको थियो । इन्टर्नशिपको अवधिमा उनिहरुलाई संस्थामा हुने कामको बारेमा प्रशिक्षण दिईएको थियो । इन्टर्नशिपको समापनमा उनिहरुलाई कार्यानुभवको लागि प्रमाण पत्र प्रदान गरिएको थियो जसले उनिहरुको सीप र अनुभव प्रमाणित गर्दछ ।

## २.६ बरघर सशक्तिकरण कार्यशाला

युनिक नेपाल बर्दियाले थारु गाउँको अगुवा भई काम गर्ने बरघर परम्परा र बरघर प्रणालीलाई सुदृढिकरण गर्न प्राथमिकताका साथ काम गर्दै आएको छ । बरघरहरु गाउँ टोलको अगुवा मात्र नभएर संरक्षक, अभिभावक, प्रतिनिधि, विकासका बाहक, सार्वजनिक रुपमा गरिने वार्षिक पुजापाठ तथा अनुष्ठानको अगुवाको रुपमा काम गर्न गाउँको सर्वसहमतीले चयन गरेको अगुवालाई बुझाउँछ । यो प्रणाली थारु समुदायमा परापूर्व कालदेखि चलिआएको परम्परागत प्रणाली हो । बरघर प्रणाली निकै लोकतान्त्रिक प्रणाली भएको मानिन्छ । गाउँको सार्वजनिक महत्वका कामदेखि व्यक्तिगत समस्या समाधानको लागि काम गर्ने गरिन्छ । गाउँ टोलमा भएको विवाद मिलाउन वा गाउँ स्तरका न्यायिक काम पनि गर्ने गर्दछन् । बरघर प्रणालीलाई संस्थागत गर्न स्थानीय तहहरुले बरघर ऐन पनि बनाई लागू गरेका छन् । बरघर प्रणालीलाई सरकारी मान्यता दिने काम भएको छ । तथापि यसको कार्यान्वयनको पाटो निकै फितलो रहेको छ । यस कारण बरघर प्रणालीलाई अझ सशक्त बनाउन, समितिलाई कार्यकारी बनाउन र सरकारी निकायसँगको समन्वय र सहकार्यका लागि २०८२ साल जेठ ८ गतेका दिन बरघर सशक्तिकरण कार्यशाला आयोजना गरिएको थियो । यस संस्थाका अध्यक्ष प्रिम बहादुर थारुको अध्यक्षता तथा संरक्षक डा. गोपाल दहित ज्यूको प्रमुख आतिथ्यतामा यो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा राजापुर नगरपालिकाका विभिन्न वडाहरुबाट २ जना महिला र ४० पुरुष बरघरहरु गरी ४२ जनाको उपस्थिति रहेको थियो ।  बरघर सशक्तिकरण कार्यशालामा बरघर समितिको गठन, नगर, जिल्ला र प्रदेश समितिको गठन अभ्यास, कार्यअवधिको विषयमा वृहत छलफल भएको थियो । यसैगरी बरघरहरुले गाउँघरमा कामको बाँडफाँड गरी सम्पन्न गर्ने प्रक्रियाको बारेमा छलफल भएको थियो । बरघर समिति भित्र बरघर, सहायक बरघर, चिरक्या, चौकिदार, ढकेहेर पर्ने गर्दछन् । गाउँ टोलमा वर्ष भरि गर्ने पूजापाठ, विवाह, अन्त्यष्ठि, आपतविपतको समयमा गर्ने सहयोग,  विवाद समाधान, विकासको कार्य (बेतवेगारी, वडाको योजना), वर्ष भरी कामगरे वापत उठाउने टिहाई, गाउँमा आउने पाहुनाहरुको स्वागत सत्कार, लगायत गाउँटोल सुधारका कार्यहरु तथा विकृति पहिचान  र सुधारका कार्यहरु जस्तैः बालविवाह न्युनिकरण, बालबालिकाहरुको पढाई, कुलत (मादक पदार्थ, गाँजाभाँङ्ग सेवन) को विषयमा छलफल गरिएको थियो । यसैगरी बरघर समिति मातहतमा रहेको सम्पत्तिको रेखदेख, सुरक्षा, प्रयोग र रजिष्टरमा अभिलेख तयार पारी राख्ने । कुनै कार्य सम्पन्न गरिसके पछि आएको पैसाको चुकी खाने, की सरसामानको जोहो गर्ने वा कोष बनाएर राख्ने विषयमा छलफल भएको थियो ।




बरघर सशक्तिकरण कार्यशालाका सहभागीहरुको सामुहिक तस्बिर ।

गाउँमा गरिने धुरिया पूजा, हरेरी पूजा, डोरबन्डि, लवाँगी पूजा, बर्का पूजा, अरौती पूजा, भजहर पूजा र निकासी पूजा गर्ने तरिका, के का लागि गरिन्छ र सामाग्रीहरु के के आवश्यकता पर्दछ भन्ने विषयमा छलफल भएको थियो। यसै गरी बरघर समितिको थप काम गाउँ समाजमा पहिले देखि ऋतु अनुसार गाउँदै आएको लोक गीत संरक्षण तथा रीतिरिवाज अनुसार गाउँघरमा गर्ने कामहरु गर्न पर्ने विषयमा पनि छलफल भएको थियो। कार्यशालामा बरघर समितिको कार्य सम्पादनलाई चुस्त बनाउन उनिहरुलाई पत्राचार, दर्ता, चलानी गर्ने प्रभावकारी सञ्चार कसरी गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण गरिएको थियो।

कार्यक्रमको अन्तमा बरघरको रुपमा निरन्तर ३५ वर्ष भन्दा लामो अवधि सम्म गाउँको सेवा गर्ने राजापुर नगरपालिका वडा नं. ८ बंजारीटाँराका बरघर मिट्ठु थारुलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो। कार्यक्रमको सहजिकरण डा. गोपाल दहित र सहजकर्ता शोभा चौधरीले गर्नु भएको थियो।

## २.७ गुरुवा बैडावा सशक्तिकरण कार्यशाला

थारु समुदायमा दुःख विरामी पर्दा वा चोटपटक लाग्दा उपचार गर्ने तरिका फरक छ र यो पहिलेदेखि चलिआएको उपचार पद्धति हो। उपचार गर्ने विधिमा पनि दुई किसिमको छ। मन्त्र विधि र बैद्य (जडीबुटी प्रयोग) विधि। मन्त्र विधिको प्रयोगबाट उपचार गर्दा देवीदेवतालाई मनाउन मन्त्रको उच्चारण गर्ने र भाले, बोका, बंगुर, हाँसका साथै रक्सी र जल चढाउने गर्छन्। मन्त्र विधिबाट उपचार गुरुवाहरुले गर्दछन्। वर्ष भरी गाउँ टोलमा गरिने सबै सामाजिक पुजा तथा अनुष्ठान यिनै गुरुवाहरुले सम्पन्न गर्ने परम्परा रहको छ भने बैद्य विधिमा रोगको उपचार गर्न जंगली जडीबुटीको प्रयोगबाट गरिन्छ। यस विधिबाट उपचार गर्ने व्यक्तिलाई बैडावा भनिन्छ।




गुरुवा बैडावाहरुलाई सहजिकरण गर्नुहुँदै डा. गोपाल दहित।




गुरुवा बैडावा सशक्तिकरण कार्यशालाका सहभागीलाई प्रमाण पत्र प्रदान गर्नुहुँदै संस्थाका अध्यक्ष प्रिम बहादुर थारु।

थारु समुदायमा यि दुवै परम्परागत अभ्यासको महत्व छ। हालको अवस्थामा थारु गुरुवा वा बैडावा बन्न चाहनेहरुमा कमि आएको छ। यो पेशामा लाग्दा आर्थिक लाभ निकै कम हुने र प्रायः निःशुल्क वा न्युन पैसामा उपचार गर्नुपर्ने भएकोले यो पेसा प्रति शिथिलता आएको छ। त्यसैले थारु गुरुवाहरुको मन्त्र ज्ञान र बैडावाहरुको परम्परागत जडीबुटी ज्ञान तथा सीपको संरक्षण सम्बर्द्धन गर्ने उद्देश्यले युनिक नेपालले २०८२ साल जेठ ९ र १० गते दुई दिने गुरुवा बैडावा सशक्तिकरण कार्यशाला गोष्ठी संस्थाको आयोजना गरी बार्दिया र कैलाली जिल्लामा रहेका बैडावा तथा गुरुवाहरुसँग थारु मन्त्र ज्ञान र बैडावाहरुको परम्परागत जडीबुटी ज्ञान तथा सीपको संरक्षण सम्बर्द्धन, प्रयोग विधि तथा निदान हुने रोगको बारेमा गुरुवा बैडावा सशक्तिकरण कार्यशाला सम्पन्न गरेको थियो। कार्यशाला गोष्ठीका सभापतित्व युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुले गर्नु भएको थियो भने प्रमुख अतिथि डा. गोपाल दहित रहनु भएको थियो। कार्यक्रममा बर्दिया आयुर्बेद स्वास्थ्य केन्द्रका आयुर्वेद चिकित्सक डा. कलावती विश्वकर्मा र लेखक, अनुसन्धानकर्ता शेखर दहित ज्युले सहजिकरण गर्नु भएको थियो।

कार्यक्रमको पहिलो दिन युनिक नेपालका संरक्षक डा. गोपाल दहित थारु मन्त्र ज्ञान तथा जडीबुटी ज्ञान र प्रयोग विधिको महत्व तथा संरक्षरणको लागि गर्नु पर्ने काम तथा कर्तव्यको बारेमा लक्षित समुह छलफल विधिको माध्यमबाट अन्तरक्रिया गर्नु भएको थियो। पहिलो दिनको सेसनमा थारु देउथानको भौतिक पूर्वाधारको अवस्था, संरक्षण, महत्व तथा थारु समुदायमा बर्ष भरि गरिने पूजापाठको महत्वा तथा संरक्षणको बारेमा सहजकर्ता शेखर दहित ज्युले सहजिकरण गर्नु भएको थियो। पहिलो दिनको अन्तिम सेसनमा थारु गुरुवाहरुबाट मन्त्र ज्ञानको संकलन गर्नु भएको थियो।

कार्यशाला गोष्ठीको दोस्रो दिन बर्दिया आयुर्बेद स्वास्थ्य केन्द्रका आयुर्वेद चिकित्सक डा. कलावती विश्वकर्मा सहजिकरण गर्नु भएको थियो। उहाँले बढी प्रयोग हुने जडीबुटीको जानकारी र प्रयोग विधि तथा रोगको निदान बारे जनाकारी गराउनु भएको थियो। साथै जडीबुटी संकलन तथा भण्डारण/प्याकेजिङ्ग बारे जानकारी गराउनु भएको थियो। यसका साथै आला र थर्मोमिटर प्रयोग विधि तथा ल्याब रिपोर्ट हेर्ने तरिका बारे सहभागी बैडावा तथा गुरुवाहरुलाई सहजकर्ता डा. कलावती विश्वकर्माले प्रशिक्षण गर्नु भएको थियो। त्यस पछिको सेसनमा थारु गुरुवा तथा बैडावाहरुको अभ्यासमा देखिएका समस्या तथा समाधानका उपायको बारेमा सहजकर्ता शेखर दहित ज्युले सहजिकरण गर्नु भएको थियो। दुई दिने सशक्तिकरण कार्यशाला गोष्ठीको अन्त्यमा सहभागीहरुलाई प्रमाण-पत्र प्रदान गरिएको थियो।

# ३. स्वास्थ्य सेवा कार्यक्रम

## ३.१ स्वास्थ्य उपचारको लागि आर्थिक सहायता

युनिक नेपालले विपन्न, महिला, आदिवासी थारु, जनजाति, दलित, मुस्लिम तथा पछाडि पारिएका मानिसहरुलाई स्वास्थ्य उपचारका लागि स-सानो आर्थिक सहयोग गर्दै आएको छ।

यस आर्थिक वर्षमा युनिक नेपालले राजापुर नगरपालिका वडा नं. २ चैनपुर बस्ने शिव चरण थारुको छोरा मानसिक विरामी भागी राम थारुलाई रु. १० हजार आर्थिक सहयोग प्रदान गरेको छ। विरामी भागि राम थारुको आर्थिक अवस्था निकै कम्जोर रहेको र बाबु आमा पनि अपाङ्ग रहेको र घरको आयश्रोत केही पनि नभएको कारण उनलाई उपचारमा मदत पुगोस भनी आर्थिक सहयोग प्रदान गरिएको थियो।

यसै गरी राजापुर नगरपालिका वडा नं. १ सोनपुर बस्ने अर्जुन थारुको छोरा सिद्धार्थ थारुलाई पनि छाला सम्बन्धी रोग उपचारको लागि रु. ५ हजार आर्थिक सहायता प्रदान गरिएको थियो। उनको घरको आर्थिक अवस्था निकै दैनिय रहेको र छालाको दीर्घकालिन समस्या रहेकोले उपचारको लागि सहयोग गरिएको थियो।

## ३.२ स्वास्थ्य शिविर सञ्चालन

युनिक नेपालाले यस आर्थिक वर्षमा निःशुल्क कान र आँखा जाँच स्वास्थ्य शिविर सञ्चालन गरेकोछ। युनिक नेपालको आर्थिक सहयोग र शिवगंगा आँखा उपचार केन्द्र गुलरियाको प्राविधिक सहयोगमा २०८१ भाद्र २९ गतेको दिन युनिक नेपालको केन्द्रीय कार्यालय जोतपुरमा शिविर सञ्चालन गरिएको थियो। शिविरमा राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका महिला, बालबालिका तथा वृद्धवृद्धाहरु लाभान्भित भएका थिए। आँखा शिविरमा १ सय ४३ जनाले निःशुल्क आँखा परिक्षण गराउनु भएको थियो भने कान शिविरमा ७८ जना विरामीले निःशुल्क कान जाँच गराउनु भएको थियो। साथै शिविरमा विरामीहरुलाई निःशुल्क औषधी पनि वितरण गरिएको थियो। यस शिविरमा जटिल समस्या भएको विरामीहरुलाई पहिचान गरी सहुलियत दरमा शिवगंगा आँखा उपचार केन्द्र गुलरियामा अप्रेशन सेवा प्राप्त गरेका थिए।



युनिक नेपालद्वारा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरको तस्बिर।

## ३.३ एम्बुलेन्स सेवा

युनिक नेपालले वितग २५ वर्षदेखि निरन्तर राजापुर क्षेत्रका विरामीहरुलाई एम्बुलेन्स सेवा प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०८१/०८२ मा ६० जना महिला र ८५ जना पुरुष गरी जम्मा १४५ जना विरामीहरु सेवा पाएका छन्। जसमा ३४ जना सुत्केरी महिला रहेका छन्।

# ४. पर्यावरणीय गाउँ विकास

## ४.१ उच्च मूल्यका फलफुलको विरुवा खरिद

पर्यावरणीय गाउँ विकासको अवधारणमा युनिक नेपाल काम गर्दै आएको छ। यस वर्ष युनिक नेपालले नवनिर्मित केन्द्रीय कार्यालय भवन हाता भित्र फलफुल तथा बहुमूल्य रुखको बोटविरुवा वृक्षारोपणको लागि बोटविरुवा खरिद गरी राखिएको छ। वृक्षारोपणले कार्यालयको शोभा बढ्ने फलफुल तथा केही वर्षपछि बहुमूल्य रुख तयार हुने आशा गरिएको छ।

## ४.२ व्यावसायिक तरकारी खेती तालिम

कृषकहरुलाई नयाँ प्रविधि र आधुनिक खेती प्रणालीहरु अपनाउन प्रेरित गर्ने, उत्पादनमा वृद्धि र लागत घटाउने, व्यावसायिक तरकारी खेती गरी कृषकहरुलाई आत्मनिर्भर बनाउने, कृषिजन्य आम्दानी वृद्धि गरेर कृषकहरुको जीवनस्तर सुधार्न युनिक नेपालले प्रत्येक वर्ष कृषकहरुलाई तालिम प्रदान गर्दै आएकोछ । यस वर्ष २०८१ साल फागुन २६ देखि २८ गतेसम्म ३ दिने व्यावसायिक तरकारी खेती तालिम आयोजना गरी राजापुरका २७ जना कृषकहरुलाई तालिम प्रदान गरेको थियो। तालिममा वेमौसमी तरकारी खेतीको बारेमा प्रशिक्षण गरिएको थियो। राजापुर नगरपालिकाका कृषि शाखा प्रमुख तुला राम चौधरीले तालिममा प्रशिक्षण गर्नु भएको थियो। तालिममा सैद्धान्तिक र प्रयोगात्मक तरिकाले प्रशिक्षण गर्नु भएको थियो।



तरकारी खेती तालिमका सहभागीहरुलाई प्रयोगात्मक विधिबाट प्रशिक्षण गर्दै राजापुर कृषि शाखा प्रमुख तुलाराम चौधरी।

तालिममा सहभागी कृषकहरुलाई टि.पि.एस. जातको आलुको मूल बीउ, उन्नत तरकारीका बीउहरु, पोषक तत्व, विषादी तथा किरा मार्ने पासो निःशुल्क वितरण गरिएको थियो । समग्रमा व्यावसायिक तरकारी खेती तालिमले खाद्यान्न सुरक्षा, आर्थिक समृद्धि र दिगो ग्रामिण विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिईएको छ।

# ५. पुस्तकालय, अनुसन्धान, तथा प्रकाशन र सञ्चार

## ५.१ वार्षिक प्रगति प्रतिवेदन र पुस्तक प्रकाशन

युनिक नेपालले वार्षिक रुपमा तयार पारेको नीति तथा कार्यक्रमको लक्ष्य र उद्देश्य अनुसार सफलता पुर्वक सम्पन्न गर्दै आएको छ। यस वर्ष पनि वार्षिक रुपमा सम्पन्न क्रियाकलापहरुको उपलब्धी सहित वार्षिक प्रगती प्रतिवेदन प्रकाशन गरेको थियो।

साथै यस वर्ष युनिक नेपालका संरक्षक डा. गोपाल दहितद्वारा लिखित, संकलित तथा सम्पादीत थारु भोजाहा माँगार गीत प्रकाशन गरेकोछ। थारुहरुले विवाह गर्दा गाउने लोक गीतहरुको संग्रहको रुपमा थारु भोजाहा माँगर गीत प्रकाशन भएको छ। यो पुस्तक थारु र खस नेपाली भाषामा लेखिएको छ। थारु माँगरको विश्लेषणात्मक लेख र थारु विवाह विधिको बारेमा विस्तृत लेख समेत समावेस रहेको छ। ४२२ पेजको यस पुस्तकमा थारु विवाहका रंगीन फोटोहरु राखिएका छन्।

यसै गरी बहादुर बैरागीद्वारा लिखित पुस्तक चक्लाबन्दी मार्गीचित्र पनि यसै वर्ष युनिक नेपालले प्रकाशन गरेकोछ । नेपालको भूभागलाई खण्डीकरण हुनबाट कसरी जोगानउ सकिन्छ र बैज्ञानिक तरिकाले चक्लाबन्दी गरी व्यवस्थित तरिकाले खेती गर्ने, बस्ती बसाल्ने आदीको मार्गीचित्र पुस्तकमा प्रस्तुत गरिकोछ।

दुवै पुस्तकको विमोचन बारबर्दिया नगरपालिका र त्यहाँको नगर स्तरीय बरघर सञ्जालको सहयोगमा २०८१ साल चैत १७ गतेका दिन बारबर्दिया नगरपालिका वडा नं. ९ कटनियामा भव्य कार्यक्रमको बीच सम्पन्न गरिएको थियो।

## ५.२ भित्तेपात्रो प्रकाशन

अघिल्लो वर्षजस्तै यस वर्ष पनि युनिक नेपालले भित्तेपात्रो प्रकाशन गरेको छ। युनिक नेपालले नयाँ वर्षको उपलक्ष्यमा प्रत्येक वर्ष भित्तेपात्रो प्रकाशन गर्दै आएको छ। भित्तेपात्रोमा थारु समुदायको महत्वपूर्ण तिथि, चाडपर्वहरुलाई समेट्ने गरेको छ भने आर्थिक वर्षमा संस्थाद्वारा सम्पन्न क्रियाकलापहरुको महत्वपुर्ण तस्वीरहरुको पनि प्रकाशन गर्ने गरेको छ । प्रकाशन गरेको भित्तेपात्रो समुदायका व्यक्ति, संघ संस्था, साझेदार, सरोकारवाला निकायहरुलाई उपहारको रुपमा वितरण गर्दै आएको छ।

## ५.३ पुस्तक प्रदर्शनी तथा बिक्री

जंग्रार साहित्यिक बखेरीको आयोजना तथा यस युनिक नेपालको सहयोगमा २०८१ साल फागुन १५ देखि १७ गतेसम्म सञ्चालन गरिएको थारु साहित्य राष्ट्रिय सम्मेलन, २०८१ मा युनिक नेपालका स्वयं सेवकहरुले संस्थाले प्रकाशन गरेको पुस्तक प्रदर्शनी तथा बिक्री गरेका छन् । युनिक नेपालबाट प्रकाशन गरिएको पुस्तकको प्रदर्शनी र बिक्री गर्न तथा थारु राष्ट्रिय साहित्य सम्मेलनलाई सहयोगको लागि पुस्तक प्रदर्शनी आयोजना गरिएको थियो । प्रदर्शनीमा युवा स्वयंसेवकहरु परिचालन गरिएको थियो । मेलामा १ सय भन्दा बढी पुस्तक बिक्री गरिएको र प्रदर्शनीमा राखिएको थियो । युनिक नेपालले प्रकाशन गरेको पुस्तकहरुको बारेमा सम्मेलनका सहभागीहरुले जानकारी लिएका थिए ।

## ५.४ पुस्तकालयका लागि पुस्तक खरिद

युनिक नेपालले स्थानीय पाठकहरुको लागि पुस्तकालय सञ्चालन गर्दै आएको छ । यस क्षेत्रका पाठक तथा विभिन्न सरकारी तथा गैर सरकारी सेवामा परिक्षा तयारी गर्ने विद्यार्थीहरुको लागि पुस्तक किनेर पढ्न खर्चिलो र किन्ने बजार टाढा भएको कारणले । यस वर्ष युनिक नेपालले पुस्तकालयको लागि विभिन्न २० प्रकारको पुस्तक खरिद गरेको छ । युनिक पुस्तकालयमा जम्मा २ हजार ३९ वटा विभिन्न प्रकारका पुस्तकहरु रहेका छन् ।

# ६. भौतिक पुर्वाधर निर्माण

## ६.१ केन्द्रीय तथा सम्पर्क कार्यालय

राजापुर नगरपालिका वडा नं. २ बरघर सडकस्थित युनिक नेपालको केन्द्रीय कार्यालयको भवन निर्माण कार्य भइरहेकोछ । केन्द्रीय कार्यालय अत्याधुनिक सुविधा सम्पन्न, पाँच तल्लाको आर.सि.सि. भवन निर्माण हुनेछ । भवनको प्रमुख खण्डको निर्माण कार्य आ.व. २०८२/०८३ को अन्त्यमा सम्पन्न गर्ने लक्ष्य युनिक नेपालले राखेको छ । युनिक नेपालको केन्द्रीय कार्यालय भवनको शिलन्यास २०८० साल फागुन २८ गते सोमबारका दिन एक भव्य कार्यक्रमका बीच संस्थाका संरक्षक डा. गोपाल दहितले गर्नु भएको हो ।

यसै गरी गुलरिया नगरपालिका वडा नं. ५ बालमन्दिर टोल स्थित युनिक नेपालको आफ्नै भवन निर्माण कार्य सम्पन्न भएको छ । साथै भवन बाउण्डरी, गेट निर्माण र माटो फिलिङ्ग र सिमेन्ट ब्लक लगाउने कार्य पनि सम्पन्न भएको छ । गुलरिया सम्पर्क कार्यालय भवनको शिलन्यास २०८० साल फागुन २९ गते मंगलबारका दिन संस्थाका अध्यक्ष श्री प्रिम बहादुर थारुले गर्नु भएको थियो ।



परियोजना सम्पर्क कार्यालय गुलरियाको नव निर्मित भवन



निर्माणाधीन केन्द्रीय कार्यालयको भवन

# ७. संस्थागत विकास

## ७.१ वार्षिक साधारण सभा तथा अधिवेशन

युनिक नेपालले वार्षिक साधारण सभा हरेक वर्ष नियमित रुपमा सम्पन्न गर्दै आएको छ। यस आर्थिक वर्षको २९औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशन २०८१ साल मंसिर १६ गतेको दिन सम्पन्न गरेको थियो। संस्थाका संरक्षक डा. गोपाल दहितज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको साधारण सभाको उद्घाटन समारोहमा युनिक नेपालका संस्थापक तथा आजीवन सदस्यहरु, कर्मचारी, युनिक स्पोर्टस् क्लबका अध्यक्ष रामस्वरुप चौधरी, बालाबजार व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरी, बालाबजार प्रहरी चौकीका इन्चर्ज मोहन वि.क., स्थानीय बरघर, बुद्धिजीवी, समाजका अगुवाहरुको उपस्थिति रहेको थियो। आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन अनुमोदन गरिएको थियो। साधारण सभामा वाह्य लेखापरिक्षकको नियुक्ति अनुमोदन गरिएको थियो। साथै युनिक नेपालले १३औं अधिवेशन सम्पन्न गरेको छ।




२९औं वार्षिक साधारण सभाको उद्घाटन शत्रको तस्बिर।

अधिवेशनबाट प्रिम बहादुर थारुको अध्यक्षतामा नयाँ कार्य समिति पनि चयन गरेको छ। कार्य समितिमा सचिव निर्मला चौधरी, कोषाध्यक्ष जीत बहादुर थारु, सदस्यहरु राधा कुमारी चौधरी, बसन्ती चौधरी, निर्मल कुमार थारु र भागी राम थारुलाई सर्व सहमतीबाट चयन गरिएको थियो। यसै अधिवेशनबाट कन्हैया लाल थारुको संयोजकत्वमा ३ सदस्यीय लेखा समितिको पनि चयन गरिएको थियो। यस समितिमा राम कुमार थारु र खुशी राम चौधरी सदस्यमा सर्वसहमतिबाट चयन हुनु भएको छ। युनिक नेपालको केन्द्रीय कार्यालय जोतपुरमा साधारण सभा सम्पन्न भएको थियो।



१३औं अधिवेशनबाट चयन कार्यसमिति, लेखा समिति साथमा आजीवन सदस्य र कर्मचारीहरुको सामुहिक तस्बिर।

## ७.२ वार्षिक समीक्षा तथा बजेट सभा

युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुको सभापतित्व तथा संस्थाका संरक्षक डा. गोपाल दहितको प्रमुख आतिथ्यतामा वार्षिक समीक्षा तथा बजेट सभा कार्यक्रम २०८२ साल असार २४ गतेका दिन युनिक नेपालको केन्द्रीय कार्यालय राजापुर न.पा, वडा नं.-२ जोतपुर बर्दियामा सम्पन्न भएको थियो। संस्थाका कार्यसमिति सदस्य, संस्थापक सदस्य तथा कर्मचारीहरुको उपस्थितिमा वाार्षिक बजेट सभा सम्पन्न गरिएको थियो। पहिलो शत्रमा ह्याविटाट फर ह्यूम्यानीति इन्टरनेशनल नेपाल र राजापुर नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित सुरक्षित आवास परियोजनाको वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम संयोजक सोम प्रसाद चौधरीले प्रस्तुत गर्नु भएको थियो। आन्तरिक कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम अधिकृत जगत राम चौधरीले पेश गर्नु भएको थियो। वार्षिक प्रगति प्रतिवेदनलाई केही सुझाव सहित पारित गरियो।

दोस्रो शत्रमा आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र अनुमानित बजेट पेश गरिएको थियो। यथोचित छलफल गरी वार्षिक नीति तथा कार्यक्रम र रु. ४,७०,६४,३५६। बजेट पारित गरिएको थियो। कार्यक्रमको अन्त्यमा संस्थाका पूर्व कानुनी सल्लाहाकार सन्तराम धरकटुवा, पूर्व सचिव नरेश कुमार चौधरी र आजीवन सदस्य तथा राजापुर वडा नं. २ का वडा सदस्य रामकुमार थारुले मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको सञ्चालन कार्यसमितिका सचिव निर्मला चौधरीले गर्नु भएको थियो। कार्यक्रममा कार्यसमितिका पदाधिकारी, सदस्यहरु, सम्पुर्ण संस्थापक सदस्यहरु तथा कार्मचारीहरुको उपस्थिति रहेको थियो।

### ७.३ युनिक स्थापना दिवस

युनिक नेपालको ३१औं स्थापना दिवस एक कार्यक्रम आयोजना गरी मनाइएको थियो। युनिक नेपाल २०५२ सालमा विधिवत् रुपमा दर्ता भएको सम्झनामा हरेक वर्ष जेठ १९ गते मनाउदै आएको छ। युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुको अध्यक्षता तथा राजापुर नगरपालिकाका नगर प्रमुख दिपेश थारुको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा युनिक नेपालका कार्य समितिका पदाधिकारी, सदस्य, आजीवन सदस्य, सशस्त्र प्रहरी बल राजापुरका डि.एस.पि. राजेन्द्र बहादुर कुवँर, ई.प्र.का. राजापुरका इन्सपेक्टर बि.सि.शाह, बालाबजार अस्थायी प्रहरी चौकीका इन्चार्ज निरक बस्नेत, बालाबजार व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरी, युनिक स्पोर्टस् क्लबका अध्यक्ष रामस्वरुप थारु, राजापुर न.पा. वडा नं. २ का बरघर, पत्रकार लगायत युनिक नेपालका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

युनिक नेपालका कोषाध्यक्ष जीत बहादुर थारुको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमका सहभागीहरुले शुभकामना मन्तव्य दिनु भएको थियो। विशिष्ट अतिथि राजापुर नगरपालिकाका नगर प्रमुख दिपेश थारु युनिक नेपालले गरेको कामको प्रशंसा गर्नु भएको थियो। अन्तमा कार्यक्रमका सभापति प्रिम बहादुर थारुले शुभकामना मन्तव्य सहित सहयोगी सबै जनालाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो। बेलुका युनिक नेपालको केन्द्रीय कार्यालयमा दीप प्रज्वलन गरिएको थियो।

### ७.४. शुभकामना आदान प्रदान कार्यक्रम

युनिक नेपालले मिति २०८१ असोज १९ गतेका दिन बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको थियो। संस्थाका कार्य समिति, संस्थापक सदस्य तथा कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो। कार्यक्रम संस्थाका संरक्षक डा. गोपाल दहितको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

साथै यस वर्ष रंगहरुको चाडको रुपमा मनाइने फागु पुर्णीमा होलीको अवसर पारेर संस्थाका संरक्षक डा. गोपाल दहित, कार्य समिति, संस्थापक सदस्यहरु र कर्मचारीहरुको उपस्थितिमा २०८१ साल फागुन २९ गतेका दिन हर्षोल्लासका साथ शुभकामना आदान प्रदान कार्यक्रम मनाइएको थियो। कार्यक्रममा सहभागीहरुले पालैपालो शुभकामना दिएका थिए भने अबिरले होली पनि खेलेका थिए। कार्यक्रम युनिक नेपालका अध्यक्ष श्री प्रिम बहादुर थारुज्युको सभापतित्वमा सम्पन्न भएको थियो।



होली पर्वको अवसरमा आयोजना गरिएको शुभकामना आदानप्रदान कार्यक्रमको तस्बिर

## ८. आर्थिक सहयोग

### ८.१ मन्दिरलाई आर्थिक सहयोग

युनिक नेपालले यस आ.व.मा श्री संकटमोचन हनुमान गढी मन्दिरले २०८१ साल मंसिर २१ देखि २३ गते सम्म आयोजना गरेको श्री रामजानकी उत्सव पूजा यात्रा तथा भण्डारा कार्यक्रमका लागि रु. १० हजार आर्थिक सहयोग प्रदान गरेको थियो। कार्यक्रम राजापुर नगरपालिका वडा नं. ४ हनुमान गढी मन्दिरमा आयोजना गरिएको थियो। कार्यक्रममा राजापुर नगरपालिका र गेरुवा गाउँपालिका लगायत कैलाली सम्मका ५ सय भन्दा वढी भक्तजनहरुको उपस्थिति रहेको थियो।

### ८.२ विद्यालयलाई आर्थिक सहयोग

युनिक नेपालले यस आ.व.मा श्री पद्म कुमारी माध्यमिक विद्यालय राजापुर-५ जयपुर बर्दियालाई आर्थिक सहयोग प्रदान गरेकोछ। युनिक नेपालले सामुदायिक विद्यालयको छैठौं मेयर कप तथा १७ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ का सहभागी खेलाडीहरुको ड्रेस खरिदका लागि रु. १० हजार आर्थिक सहयोग प्रदान गरेको छ। आर्थिक सहयोगले खेलाडी विद्यार्थीहरु उत्साहित भएका थिए।

## ८.३ सशस्त्र प्रहरी बललाई प्लाष्टिक कुर्सी सहयोग

सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म राजापुर बर्दियालाई युनिक नेपालले यस आ.व.मा १० थान प्लाष्टिकको कुर्सी सहयोग प्रदान गरेको छ। गुल्ममा कार्यालय प्रयोजनाका लागि आवश्यक परेकोले रु. १० हजार ५ सय बराबरको कुर्सी सहयोग प्रदान गरेको हो। गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक राजेन्द्र बहादुर कुँवरलाई संस्थाका अध्यक्ष प्रिम बहादुर थारुले हस्तान्त्रण गर्नु भएको थियो।

## ८.४ रात्रीकालीन क्रिकेट प्रतियोगितालाई आर्थिक सहयोग

बर्दिया कृष्णसार स्पोर्टस् क्लबलाई युनिक नेपालले रात्रीकालिन क्रिकेट प्रतियोगिताको लागि रु. ५ हजार आर्थिक सहयोग प्रदान गरेकोछ। क्लबले आयोजना गरेको रात्रिकालिन क्रिकेट प्रतियोगिता २०८२ जेठ २२ देखि ३१ गते सम्म कवर्ड हल गुलरियाको खेल मैदानमा सञ्चालन गरिएको थियो।

## ८.५ पत्रकारहरुलाई इन्भर्टर सहयोग

बर्दिया राजापुर क्षेत्रका पत्रकारहरुलाई यस वर्ष युनिक नेपालले इन्भर्टर सहयोग गरेकोछ। गर्मी तथा बर्षातको समयमा विद्युतको अनियमिताले पत्रकारितामा समस्या हुने भएको र उहाँहरुले युनिक नेपालसँग सहयोगको लागि अनुरोध गरेकोले राजापुर क्षेत्रका ४ जना पत्रकारहरु गान्दीप कायस्थ, मीन बहादुर अधिकारी, ऋषी वाग्ले, केशव कोईरालालाई एक/एक थान इन्भर्टर, व्यट्री र त्यसमा लाग्ने सामान सहयोग गरेको हो। २०८१ साल फागुन २२ गतेका दिन एक कार्यक्रमका बीच संस्थाका अध्यक्ष प्रिम बहादुर थारुले पत्रकारहरुलाई इन्भर्टर हस्तान्तरण गर्नु भएको थियो।

# ९. अध्ययन भ्रमण

## ९.१ उपल्लो मुस्ताङ अध्ययन भ्रमण

युनिक नेपालले यस वर्ष सबै संस्थापक सदस्यहरु र कर्मचारीहरुलाई ७ दिनको उपल्लो मुस्ताङसम्मको अध्ययन भ्रमण चैतको दोस्रो सातामा गरेको थियो। अध्ययन भ्रमण नेपालको पर्यटकीय शहर पोखरा, बाग्लुङ, बेनी, मार्फा, जोमसोम, कागबेनी, मुक्तिनाथ मन्दिर, लोमान्थाङ र चीनको कोरला नाकासम्मको रहेको थियो। यस क्षेत्रको ऐतिहासिक, प्राचीन, धार्मिक तथा पर्यटकिय स्थलहरु, मन्दिर, गुम्बा, गुफा, दरबार, प्रचीन व्यापारिक नाकाको भ्रमण गरिएको थियो।

अध्ययन भ्रमणको पहिलो दिन २०८१ साल चैत्र ५ गते युनिक नेपालको केन्द्रीय कार्यालय बर्दियाबाट पोखरा सम्मको यात्रा रहेको थियो। भ्रमणमा ३५ जनाको सहभागिता रहेको थियो।




मुस्ताङमा भ्रमण टोलीको सामुहिक तस्बिर।

अध्ययन भ्रमणको दोस्रो दिन चैत्र ६ गते विहान पोखरा पुगेको थियो। त्यहाँ विहानको सरसफाई पश्चात सबै जना पोखराको प्रसिद्ध विन्ध्यवासिनी मन्दिरको दर्शन गरेका थिए। यस पछि बाग्लुङ जाने बाटोमा पर्ने ढिकुर डाँडा भन्ने ठाउँमा विहानको खाजा नास्ता खाएर यात्रा अगाडि बढेको थियो। केही घण्टाको पहाडी यात्रा पश्चात बाग्लुङको प्रसिद्ध मन्दिर कालिका भगवती मन्दिरको दर्शन गरियो। तत्पश्चात यही रहेको स्वर्णीम झुलाको पनि अवलोकन भ्रमण गरियो। दिउँसोको खाना बेनी बजारमा खाई सकेपछि हिमाली क्षेत्रको अवलोकन गर्दै साँझको बासको लागि जोमसोममा पुगियो। जोमसोम यस क्षेत्रकै ठुलो बजार क्षेत्र हो। यही जोमसोम विमान स्थल रहकोछ।

भ्रमणको तेस्रो दिन चैत्र ७ गते जोमसोममा विहान खाजा नास्ता पछि धौलागिरी हिमाल र नीलगिरी हिमालको टाढाबाटै अवलोकन गरियो र फोटोहरु खिंच्ने कार्य भयो। त्यसपछि मुक्तिनाथ दर्शनको लागि मन्दिर तिर लागियो। मुक्तिनाथ भन्दा पहिले कागबेनी बजार, त्यसै ठाउँमा भएको दोभान र कागबेनी, छोडे गुम्बाको अवलोकन भ्रमण गरियो। त्यसपछि मुक्तिनाथ मन्दिर तिर प्रस्थान गरियो। केही बेरको यात्रा

पछि मुक्तिनाथ मन्दिर पुगी श्रद्धा भक्तिका साथ १०८ धारा तथा २ वटा कुण्डमा स्नान गरी पूजा अर्चना गरियो। मन्दिरको ऐतिहासिक, धार्मिक, कलात्मक पक्षको बारेमा जानकारी पनि लिइयो। मन्दिर दर्शन पश्चात दिउँसोको खाना खाई लोमान्थाङ तर्फ लागियो। मुक्तिनाथ क्षेत्रबाट सात घण्टाको हिमाली यात्रा पछि करिब बेलुकाको करिब ८:०० बजे लोमान्थाङ पुगियो। कागबेनीदेखि उत्तर तर्फको हिमाली यात्रा निकै कठिन तर रमाइलो थियो। कालीगण्डकी करिडोरको धुलाम्य सडक, सुख्खा हावा, अक्सिजनको कमि, उकाली ओराली तथा नागबेली सडक साथै साँघुरो पुलले यात्रा अलि डरलाग्दो र कष्टकर भए पनि साहसिक र उत्साहपूर्ण थियो।

भ्रमणको चौठो दिन चैत्र ८ गतेको अध्ययन भ्रमण निकै महत्वपुर्ण रहेको थियो। लोमान्थाङ स्थित स्नोल्याण्ड होटलमा अघिल्लो रातीको बास रहेको थियो। विहानको खाजा थुक्पा चिया पश्चात् भ्रमणकै महत्वपुर्ण ठाउँ लोमान्थाङ दरबारको भ्रमण गरियो। दरबार लोमान्थाङ गाउँपालिका वडा नं. ५ मा रहोकोछ।

दरबार क्षेत्रमा १८० घर रहेको छ र गुम्बाहरु रहेका छन्। माटो र ढुङ्गाको अग्लो पर्खाल लगाएको छ। लोमान्थाङ क्षेत्रको स्थापना १४औं शताब्दीमा राजा अमे पालले गरेका थिए। राजाले पहिले पर्खाल निर्माण गरी किल्ला बनाएका थिए र पछि दरबार निर्माण गरे। लोमान्थाङको शासन नेपालमा गणतन्त्र स्थापना भएपछि समाप्त भएको थियो। यहाँको अन्तिम राजा जिग्मे दोर्जे पल्बर विष्ट थिए। आजभोलि राजपरिवारका सदस्यहरु राजधानी काठमाण्डौमा बस्ने गरेका छन्। शासन सत्ता समाप्त भए पनि राजपरिवारका सदस्यहरु प्रतिको मान, सम्मान, आदर, सत्कार यहाँका मानिसहरुमा अझै विद्यामान छ। लोमान्थाङ उच्च हिमाली क्षेत्रमा रहेको वस्ती हो। यहाँको साँस्कृतिक, धार्मिक, ऐतिहासिक र राजनीतिक दृष्टिकोणले समृद्धि रहेको दरबार, गुम्बा, निर्माण गरिएका संरचनाले प्रमाणित गर्दछ।

लोमान्थाङ दरबार क्षेत्रको भ्रमण पछि नेपाल र चीनको पुरानो ऐतिहासिक व्यापरिक नाका कोरला नाका गइयो। करिब ४ हजार ६ सय मिटर उचाईमा रहेको यो नाका स्थित २४ नं. पिलर रहेकोछ। यो नाका सदियौंदेखि तिब्बत र नेपालबीचको व्यापारिक मार्ग हो। नेपालको लागि कोरला पासले राष्ट्रिय गौरवको रुपमा कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला सडक) सँग जोडिएको छ, जसले अझ व्यावहारिक र अर्थोपार्जनको माध्यम बनाउने अपेक्षा गरिएको छ। भविष्यमा नेपालको पर्यटन, व्यापार र क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना राख्दछ।



चीनको कोरला नाकामा भ्रमण टोलीको सामुहिक तस्बिर।

सिमा नाकाबाट फर्किने क्रममा छुसार गाउँमा रहेको 'निफुक गुम्बा'को अवलोकन गरियो। यो गुम्बा महत्वपूर्ण बौद्ध धार्मिक स्थल हो जुन पुरानो र सांस्कृतिक दृष्टिले निकै धनी गुम्बा हो। यसलाई निफुक नम्द्रोल नोरबुलिङ सूर्य गुफा गुम्बा पनि भनिन्छ। यो अग्लो पहाड छेडेर गुफा जस्तै गुम्बा बनाईएको छ। यस पछि यसै क्षेत्रमा रहेको झोंङ गुफाको अवलोकन गरियो।

झोंङ गुफा लोमान्थाङ गाउँपालिका वडा नं. १ छुसार गाउँमा अवस्थित एक ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण गुफा हो। यसको इतिहास करिव २ हजार ५ सय वर्ष पुरानो मानिन्छ। यो गुफा अग्लो पहाड खोपेर पाँच तल्लाको छ। प्रवेशद्वार जमिन भन्दा केही माथि रहेको गुफामा करिब ५० वटा कोठाहरु रहेको बताइन्छ जुन एक आपसमा गल्ली र सिंढीले जोडिएका छन्। गल्ली तथा सिंढी बीचमा रहेको छ र दायाँबायाँ साँघुरो र केही साना साना कोठाहरु रहेका छन्। यो गुफामा जानको लागि सिमेन्टको सिंढी बनाएर पुनर्निर्माण गरिएको छ। यो गुफामा प्रचिन मानव सभ्यताको झल्को पाइन्छ र बौद्ध धर्मसँग सम्बन्धित पुरातात्विक सामग्री भेटिन्छ। प्रकृति सौन्दर्यका साथै गुफाको धार्मिक र साँस्कृतिक विशेष महत्व छ, जहाँ पुजा र ध्यानको लागि प्रयोग गरिन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ।

गुफाको अवलोकन पछि लोमान्थाङ फर्कियौ, दिउँसोको खाना पछि मार्फा फिर्ता भयौं। लोमान्थाङको शान्त, सुख्खा, चिसो वातावरण तथा कालिगण्डकी करिडोरको बाटो हुँदै पुरै बाटो भरी पहाडमा प्रकृतिक

रुपमा बनेका मनमोहक आकृतिहरु, हिमाली जनावर, उपल्लो मुस्ताङको गाउँहरुको दृष्यावलोकन गर्दै निकै राम्रो स्याउ खेती हुने ठाउँको नामले प्रख्यात मार्फामा साँझको समयमा आई पुगियो।

भ्रमणको पाँचौ दिन चैत्र ९ गते, विहानको खाजा पछि मार्फा गाउँको भ्रमण गरियो। गाउँको वस्तीहरु, स्याउ खेत, प्रकृतिक सौन्दर्य, कालीगण्डकी नदी, मार्फा बजारको अवलोकन गरियो। यसका साथै कोसेली र खाने कुराहरुको किनमेल गरियो। यसपछि पोखराको तिर लागियो। बाटोमा पर्ने तातो पानी, रुप्से झरना, गलेश्वर महादेव, पोखराको पुम्दीकोटमा रहेको महादेवको ठूलो मुर्ति भएको मन्दिर दर्शन गरियो। पानी र चिसो हावाले यात्रालाई अलि असहज बनाएको थियो। अन्तमा विश्व शान्ति स्तुपाको अवलोकन गरी बासको लागि होटेल फर्कियौं। साथै यस अध्ययन भ्रमणका लागि बस सेवा प्रदान गर्ने नेपाल दर्शन भेहिकल रेन्टल एण्ड टुर प्रा.लि. का.म.न.पा.-३१ शंखमुल, काठमाण्डौका स्टाफहरुलाई खादा र नगद पुरस्कार दिई धन्यवाद ज्ञापन गर्दै बिदाई गरियो।



लोमान्थाङ दरबारको तस्बिर।

भ्रमणको छैठौं दिन चैत्र १० गते विहानको चिया खाजा पश्चात भ्रमणको सम्बन्धमा सानो समीक्षा बैठक बसियो। बैठकमा अध्ययन भ्रमणको सबल र कमजोर पक्षको बारेमा समीक्षा गरिएको थियो। यसपछि सुन्दर शहर पोखराको भ्रमण गर्ने योजना रहेको थियो। विहानको फेवा ताल र त्यहाँ अवस्थित तालबराही मन्दिरको दर्शन गरियो।



उपल्लो मुस्ताङको प्रकृतिक दृष्य।

तालबराहीको पूजा अर्चना पछि सबैको मन प्रफूलित भएको थियो। फेवा ताल, साथमा विहान खुलेको माछापुच्छ्रे हिमाल, पहाडको हरियो डाँडाकाँडा र वरिपरिको शहरको दृष्य निकै मनमोहक रहेको थियो। फेवा तालमा डुँगा सयर पछि पाताले छाँगो (डेभिड फाल) को अवलोकन गरिएको थियो। पाताले छाँगाको भ्रमणको क्रममा संस्थाका संरक्षक डा. गोपाल दहितज्यूले यसको केही रोचक जानकारी दिनु भएको थियो। यसपछि नजिकै पर्ने गुप्तेश्वर महादेवको दर्शन गरिएको थियो।

गुप्तेश्वर महादेवको मन्दिर जमिन मुनी रहेको छ। यो गुफा पाताले छाँगासँग जोडिएर रहेको छ। निकै भित्र, अन्ध्यारो, पानी रसाई रहने मन्दिरमा बत्तिको व्यवस्था गरिएको छ। यो मन्दिरको दर्शन धार्मिक र साहसिक दुवै दृष्टिकोणले महत्वपूर्ण रहेको छ। मन्दिर दर्शन पछि दिउसोको खाना खाएर पोखराको बजारमा अवलोकन गर्न र किनमेल गर्न बजार क्षेत्रमा भ्रमण गरियो। साँझको बसमा बर्दियाको लागि फिर्ता भई यात्राको ७ औं दिनमा चैत्र ११ गते विहान जोतपुर स्थित केन्द्रीय कार्यालयमा पुगी युनिक नेपालको उपल्लो मुस्ताङको अध्ययन भ्रमण पूरा भएको थियो।

# ख) वाह्य स्रोत र साझेदारीमा सञ्चालित कार्यक्रमहरू

## १. सुरक्षित आवास परियोजना

युनिक नेपालले ह्याविट्याट फर ह्युम्यानिटी इन्टरनेशनल नेपाल र राजापुर नगरपालिकाको आर्थिक सहयोगमा सुरक्षित आवास परियोजना सम्पन्न गरेको छ। राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर र वडा नं. ५ बदालपुरमा सुरक्षित आवास परियोजना लागू गरिएको थियो। सुरक्षित आवासको माध्यमबाट मुक्त कमैया, सुकुम्बासी तथा विपन्न परिवारको जीवनस्तर उकास्ने लक्ष्य तथा बर्दिया जिल्लाका मुक्त कमैया तथा सीमान्तकृत समुदायको आवास अधिकार सुनिश्चित गर्ने उद्देश्य रहेको परियोजना अन्तरगत ४६ वटा विपन्न परिवारहरुको लागि भूकम्प प्रतिरोधी तथा जलवायु अनुकुल भएको घर निर्माण गरी हस्तान्तरण गरिएको छ।

राजापुर नगरपालिका वडा नं.४ शान्तिपुर टोलमा २६ वटा र बदालपुरमा २० वटा साथै १ वटा नमुना घरहरु निर्माण गरिएको थियो भने परियोजनाको तर्फबाट युनिक नेपालले प्रति घर रु. २ लाख र राजापुर नगरपालिका कार्यालयले प्रति घर रु. ३ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको थियो। यो परियोजनाको अवधि मे, २०२४ देखि जुन, २०२५ सम्म रहेको थियो। परियोजना अन्तर्गत शान्तिपुरको लागत रकम रु. १,०४,७७,९०३ र बदालपुरको रु. १,१०,८०,३५५ गरी कुल बजेट रु. २ करोड १५ लाख ५८ हजार २ सय ५८ रहेको थियो।

यो परियोजना अन्तर्गत चार वटा विषयगत क्षेत्रमा काम गरिएको थियो। (क) सामाजिक परिचालन (ख) सुरक्षित आवास निर्माण (ग) विपद जोखिम न्यूनिकरण र (घ) अनुगमन, मूल्याङ्कन, जावफदेहिता र सिकाईका क्षेत्रहरु रहेका थिए।

### क) सुरक्षित घर निर्माण तथा सामाजिक परिचालन

#### अ) आधारभूत सर्वेक्षण

परियोजना सम्झौता भएपछि पहिलो काम आधारभूत सर्वेक्षण रहेको थियो। आधारभूत सर्वेक्षण राजापुर-४, शान्तिपुरमा ६५ वटा घरधुरीको सर्वेक्षण गरिएको थियो। सर्वेक्षण लक्षित स्थान र घरमा गरिएको थियो। घरमुलीको नाम, स्थान, शौचालय, घरको अवस्था, आर्थिक अवस्था र परिवार संख्या र त्यससँग सम्बन्धित जानकारीहरु बारे सर्वेक्षण गरिएको थियो। सर्वेक्षण कार्य परियोजनाका सामाजिक परिचालन अधिकृत शंकर चौधरी र राधेकृष्ण थारुले गर्नु भएको थियो। सर्वेक्षण जुलाई २०२४ मा गरिएको थियो।

राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरमा परियोजना अन्तर्गत २६ वटा घरहरु निर्माण गरिएको थियो। निर्माण पश्चात युनिक नेपालका सामाजिक परिचालन अधिकृत शंकर चौधरी र राधेकृष्ण थारुले सम्पन्नता सर्वेक्षण गर्नु भएको थियो।

#### आ) समन्वय बैठक

स्थानीय सरकारसँगको समन्वय बैठक यस परियोजनाको मुख्य घटकको रुपमा रहेको छ। परियोजनाबारे साझा बुझाईमा एकरुपता ल्याउन यसले मद्दत गर्दछ। समन्वय बैठकले सरकारका प्रनितिनिधि, सरकारी कर्मचारी, साझेदार संस्थाका प्रतिनिधीहरु बीच सकारात्मक सम्बन्ध निर्माण गर्दछ। परियोजना कार्यान्वयन गर्न सहज वातावरण निर्माणका लागि र परियोजना बारे साझा बुझाईमा अझ स्पष्टता ल्याउनका लागि राजापुर नगरपालिका, ह्याविट्याट फर ह्युम्यानिटी ईन्टरनेशनल नेपाल र युनिक नेपाल बीच परियोजना अवधिमा ४ पटक समन्वय बैठक गरिएको थियो।

शुरुमा परियोजनाको परिचय, परियोजनामा गरिने क्रियाकलापहरु, परियोजनाको लक्ष्य, उद्देश्य, समयावधि, परियोजनाको लागत, साझेदार संस्थाहरुको काम, कर्तव्य र कार्यान्वयन गर्ने स्थान तथा यसका लाभान्वीत समुदायको बारेमा छलफल गरिएको थियो। अन्य समन्वय बैठक काम गर्दै जाँदा आइपरेका समस्याहरुको समाधान, असमझदारी, घटाउन तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यन्वयन गर्न आयोजना गरिएको थियो। समन्वय बैठकहरुमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारु, उप-प्रमुख श्री मनकला कुमारी चौधरी, योजना अधिकृत श्री रमेश पोखेल, आर्किटेक श्री सुभाष चौधरी, वडा नं. ४ अध्यक्ष श्री विदुर पोखेल, वडा नं. ५ अध्यक्ष श्री रमेश दहित, वडा नं. ८ का वडा अध्यक्ष श्री राजेश थारु, युनिक नेपालका कार्यकारी अध्यक्ष श्री प्रिम बहादुर थारु, कार्यक्रम संयोजक सोम प्रसाद चौधरी, समाजिक परिचालक शंकर चौधरी, राधेकृष्ण चौधरी, सव-ईन्जिनियर ज्ञान बहादुर चौधरी र कुन्दन भण्डारी सहभागी रहनु भएको थियो।

यसैगरी २०८२ बैशाख २२ गते र जेठ १८ गतेका दिन युनिक नेपाल र नगरपालिकाको संयुक्त समन्वय बैठक आयोजना गरिएको थियो। यस बैठकमा राजापुर नगरपालिका वडा नं. ५ बदालपुरमा सञ्चालनमा रहेको सुरक्षित अवास परियोजनाको उपलब्धी, सिकाई, चुनौती तथा समाधानको बारेमा छलफल तथा निर्णयहरु गरिएको थियो।

## इ) उपभोक्ता समिति गठन

सुरक्षित आवास परियोजनाको लक्ष्य अनुसार उपभोक्ता समितिहरु मार्फत निर्माणका कामहरु गर्ने र उपभोक्ता समितिका सदस्यहरुलाई विभिन्न सीपमूलक तालिमहरु दिने भएकोले उपभोक्ता समितको गठन राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरमा दुईवटा मुक्त कमैया टोल र सुकुम्बासी टोल रहेको छ। लक्षित समुदायको सहभागीतामा उपभोक्ता समिति गठन गर्दा परियोजाना प्रति अपनत्व बढ्ने, आफ्नै घर निर्माण गर्ने भएकोले राम्रो, बलियो घर बनाउन निकै परिश्रम गर्ने र कार्यान्वयन गर्ने कर्मचारीहरुलाई कार्य व्यवस्थापन गर्न सहज हुने तथा निर्माण कार्य समयमा सम्पन्न हुने गर्दछ। दुई वटै टोलमा सम्बन्धित वडाका वडा सदस्य होमपति थारु र बरघर सीमा थारुको उपस्थितिमा ५ र ६ नोभेम्बर २०२४ मा उपभोक्ता समिति गठन गरिएको थियो।

यसै गरी राजापुर नगरपालिका वडा नं. ५ बदालपुरको दुबै टोलमा २०८१ चैत्र २९ गतेका दिन उपभोक्ता समितिको गठन गरिएको थियो। राजापुर नगरपलिका वडा नं. ५ का वडा अध्यक्ष रमेश दहित, युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारु, बदालपुरका बरघर जोखन थारु तथा लाभान्वित परिवारका सदस्यहरुको उपस्थितिमा उपभोक्ता समितिको गठन गरिएको थियो।

## ई) उपकरण बैंकको स्थापना

घर निर्माणका लागि उपभोक्ता समितिबाट आवस्यक पर्ने सामग्रीहरु खरिद गरिसकेपछि त्यसलाई सुरक्षित र व्यवस्थित रुपमा राख्नका लागि उपकरण बैंक स्थापना गरिएको थियो। उपभोक्ताहरु यसैबाट आवश्यक परेको मात्रामा सामान प्रयोग गर्ने गरेका थिए। यो बाहेक उपकरण बैंकमा मेसनहरुका लागि निर्माण कार्य गर्दा आवश्यक पर्ने हथौरा, सेफ्टी हेलमेट, बुट, प्लाष्टिक टसला, इन्ची टेप, परियोजनाको टि-शर्ट, कटर, ठेलागाडा, बेल्चा, फरुवा, सवेल, बाल्टिन, मग जस्ता सामाग्री राख्ने गरिएको थियो।

## उ) मेसन तालिम

यस परियोजना अन्तर्गत ५० जना डकर्मीहरुलाई ५ दिने मेसन तालिम प्रदान गरेको थियो। मुख्य गरी (CSEB) व्लक जडान गर्ने सीपको विकासका र भुकम्प प्रतिरोधी घर निर्माणका लागि तालिमको आयोजना गरिएको थियो। तालिम घर निर्माण स्थलमा आयोजना गरिएको थियो। तालिम व्यवहारिक र सैद्धान्तिक दुबै हिसावले महत्वपुर्ण रहेको थियो। तालिमको सहजिकरण युनिक नेपालका प्राविधिक सहायक ज्ञान बहादुर चौधरी र कुन्दन भण्डारीले गर्नु भएको थियो। तालिम पछि लाभान्भित परिवारको घर निर्माणमा सहयोग गरेका थिए। साथै तालिम प्रप्त मेसनहरुलाई युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुले निर्माण गर्न प्रयोग हुने आवश्यक सामाग्री हस्तान्तरण गर्नु भएको थियो। तालिमको आयोजना डिसेम्बर २०२४ मा गरिएको थियो।

यसै गरी बदालपुरमा २०८१ असार ५ गते देखि ९ गते सम्म ५ दिनको मेसन तालिम आयोजना गरिएको थियो। तालिममा २२ जना डकर्मिहरु सहभागी भएका थिए। तालिम राजापुर नगरपालिका वडा नं. ५ बदालपुरको घर निर्माण स्थलमा आयोजना गरिएको थियो। साथै तालिम प्राप्त मेसनहरुलाई युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुले निर्माण गर्न प्रयोग हुने आवश्यक सामाग्री पनि हस्तान्तरण गर्नु भएको थियो।

## ऊ) सुरक्षित घर निर्माण




**युनिक नेपाल, ह्याविटाट नेपाल र राजापुर नगरपालिकाको आर्थिक सहयोगमा राजापुर ८ शान्तिपुरका मुक्त कमैया परिवार को लागि निर्माण गरिएको घर।**

यस आ.व.मा सुरक्षित आवास परियोजना अन्तर्गत युनिक नेपालले दुईवटा कोठा, एउटा भान्छा र ट्वाईलेट भएको ४६ वटा सुरक्षित घरहरु राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर र वडा नं. ५ बदालपुरमा निर्माण गरेको छ। सुरक्षित आवासको माध्यमबाट मुक्त कमैया, सुकुम्बसी तथा विपन्न परिवारको जीवनस्तर उकास्ने लक्ष्य तथा मुक्त कमैया लगायत सीमान्तिकृत समुदायको आवास अधिकार सुनिश्चित गर्ने उद्देश्य रहेको परियोजना अन्तरगत भूकम्प प्रतिरोधी तथा जलवायु अनुकुल भएको घर निर्माण गरिएको हो। शान्तिपुरमा युनिक नेपालले परियोजनाको बजेटबाट प्रति घर रु. २ लाख ५० हजार र राजापुर नगरपालिका कार्यालयले प्रति घर रु. ३ लाख रुपैयाँ आर्थिक अनुदान सहयोग प्रदान गरेको थियो।

यसै गरी राजापुर नगरपालिका वडा नं. ५ बदालपुरमा युनिक नेपालले २० वटा विपन्न परिवारका लागि सुरक्षित घर निर्माण गरेकोछ। यसका साथै बदालपुरमा युनिक नेपालले रु. ५ लाखको लागतमा एउटा डेमो हाउस पनि निर्माण गरेकोछ।

### ए) खाने पानी धारा जडान

यस परियोजना अन्तर्गत युनिक नेपालले शान्तिपुरमा १३ वटा धारा जडान गरेको छ। यो टोल बुढीकुलोको छेउमा रहेको र यो टोलमा खाने पानीको समस्या रहेकोले धारा (Hand Pump) जडान गरिएको थियो। यस टोलमा खाने पानीका लागि अरुको धारा प्रयोग गर्नु पर्ने बाध्यता रहेको र व्यवहारिक रुपमा अरुको धाराबाट सँधै पानी लिन जान समस्या भएकोले धारा जडान गरिएको हो।

यसैगरी युनिक नेपालले बदालपुरमा पनि खाने पानीको लागि १६ वटा धारा जडान गरेको छ। खाने पानी धारा जडान पछि उपभोक्ताहरुलाई राहत भएको छ।

### ऐ) परियोजना सूचना पाटी

पारदर्शिता र जवाफदेहिता सुरक्षित आवास परियोजनाको प्रमुख विषय हो। संस्थागत तथा परियोजनाको सुशासनलाई ध्यानमा राख्दै कामको थालनी गर्नु पूर्व परियोजना स्थलमा परियोजनाको जम्मा लागत, दातृ निकायहरु, लाभान्वित परिवार संख्या, समयावधि सहितको सूचना पाटी दुई ठाउँमा जडान गरिएको थियो। परियोजना सम्पन्न भए पश्चात पनि शान्तिपुर टोलमा दुईवटा परियोजना सूचना पाटी जडान गरिएको थियो।

यसैगरी राजापुर नगरपालिका वडा नं. ५ बदालपुरमा पनि कार्य सञ्चालन गर्न पूर्व र परियोजना सम्पन्न भए पश्चात दुई/दुई वटा स्थानमा सूचना पाटी जडान गरिएको थियो। परियोजना सूचना पाटीले समुदायका सबैलाई परियोजना बारे सूचना प्रदान गर्दछ।

### ओ) सुरक्षित आवास हस्तान्तरण कार्यक्रम

सुरक्षित आवास परियोजना अन्तर्गत निर्माण गरिएको राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर मुक्त कमैया टोल र सुकुम्बसी टोलमा २६ वटा सुरक्षित आवास निर्माण गरी हस्तान्तरण गरिएको छ। २०८२ साल बैशाख २६ गतेका दिन सुरक्षित आवास हस्तान्त्रण कार्यक्रमको आयोजना गरी लाभान्वीत परिवार हरुलाई घर हस्तान्तरण गरिएको थियो। युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुको सभातित्व तथा राजापुर नगर प्रमुख दिपेश थारुको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा नगर उप-प्रमुख मनकला कुमारी चौधरी, ह्यविटाट नेपालका कार्यक्रम संयोजनक राममणी चौधरी, इन्जिनियर अनुज राज जोशी, नगरपालिका कार्यालय र युनिक नेपालका कर्मचारीहरु तथा स्थानीय जनसमुदायको उपस्थिति रहेको थियो।

## ख) विपद जोखिम न्यूनीकरण

नेपाल एउटा विपद जोखिम भएको देश हो। यसका साथै बर्दिया जिल्लाको राजापुर क्षेत्र झनै विपद जोखिम भएको क्षेत्र हो। यस परियोजनाको अर्को महत्वपूर्ण काम विपद जोखिम न्यूनीकरण हो। सुरक्षित आवास परियोजना अन्तर्गत मुक्त कमैया लगायत सिमान्तकृत समुदाय लक्षित वर्ग हुने भएकोले त्यस समुदायको वस्ती प्रायः नदी नालाको किनार, जंगलको बीचमा तथा जोखिमपूर्ण ठाउँमा रहने गरेको पाईन्छ। यस कारण यो परियोजना अन्तर्गत विपद जोखिम न्यूनिकरण गर्न अति आवश्यक हुन जान्छ। युनिक नेपालले विपद जोखिम न्यूनिकरण गर्न निम्न क्रियाकलापहरु गरेको थियो।

### १) सामुदायिक विपद व्यवस्थापन समिति गठन तथा बैठक

समुदाय स्तरमा विपदको जोखिम व्यवस्थापन गर्न युनिक नेपालले सुरक्षित आवास परियोजना अन्तर्गत राजापुर नगरपालिका वडा नं. ५ बदालपुरको दुई वटा टोलमा सामुदायिक विपद व्यवस्थापन समिति गठन गरेकोछ। २०८१ साल चैत्र २७ र २९ गतेको दिन समिति गठन गरिएको थियो। विभिन्न समयमा स्थानीय स्तरमा हुने विपद जोखिमहरुको मूल्याङ्कन, न्यूनिकरणका उपाय र क्षमता विकासका लागि यो समिति बैठक गरी छलफल सहित निर्णय गर्ने र यसको कार्यान्वयन गर्ने गर्दछ।

विपदा जोखिम न्यूनिकरणका लागि निम्न तालिम तथा अभिमुखीकरणहरु गरिएको थियो।

### २) उपभोक्ता समितिलाई अभिमुखीकरण तथा समाग्री सहयोग

परियोजना सहज रुपमा कार्यान्वयन गर्नका लागि युनिक नेपालले राजापुर नगरपालिका वडा नं. ४ शन्तिपुरमा गठन गरेको उपभोक्ता समितिहरुका सदस्यहरुलाई दुई दिने अभिमुखीकरण गरेको थियो। अभिमुखीकरण कार्यक्रम २५ र २६ नोभेम्बर २०२४ मा आयोजना गरिएको थियो। अभिमुखीकरण कार्यक्रममा योजना व्यवस्थित तरिकाले कार्यान्वयन गर्नका लागि समितिको भूमिका र जिम्मेवारी तथा वित्तीय व्यवस्थापन बारे प्रशिक्षण गरिएको थियो। यसका साथै परियोजनाको परिचय, कार्यान्वयन गर्ने विधि, साझेदार संस्थाहरुको बारेमा प्रशिक्षण गरिएको थियो।

अभिमुखीकरण कार्यक्रममा युनिक नेपालका कार्यक्रम संयोजक सोम प्रसाद चौधरीले परियोजनाको विस्तृत जानकारी गराउनु भएको थियो भने लेखा अधिकृत प्रेम कुमार थारुले परियोजनाको वित्तीय व्यवस्थापन तथा दस्तावेजीकरण सम्बन्धमा सहजिकरण गर्नु भएको थियो।

यसै गरी राजापुर नगरपालिका वडा नं. ५ बदालपुरको दुबै समितिलाई पनि २०८१ साल चैत्र ३ र ४ गते अमिमुखीकरण गरिएको थियो। अमिमुखीकरण कार्यक्रममा दुबै उपभोक्ता समितिका २२ जना सदस्यहरु सहभागी हुनु भएको थियो।

साथै उपभोक्ता समितिलाई निर्माण सम्बन्धी सम्पुर्ण कामको जिम्मेवारी बहन गर्ने भएकोले उनीहरुलाई व्यवस्थित रुपले काम सम्पन्न गर्नका लागि डोर हाजिर, माईनट रजिष्टर, बील भरपाईहरु सुरक्षित राख्नका लागि बाकस तथा आवश्यक मसलन्द सामग्रीहरु शान्तिपुर र बदालपुरको उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिएको थियो।

## ३) सामुदायिक स्वच्छता सम्बन्धी अभिमुखीकरण

युनिक नेपालले समुदायमा स्वच्छता बारे जनचेतना जगाउने उद्देश्यले सामाजिक स्वच्छता सम्बन्धि अभिमुखीकरण गरेकोछ। राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरको मुक्त कमैया टोल र सुकुम्बासी टोलमा सञ्चालन भएको अभिमुखीकरणमा स्वच्छताको सूचक, सुरक्षित पिउने पानी, साबुन पानीले हात धुने, भान्साको व्यस्थापन, महिनावारी स्वच्छता, चर्पी र वातावरणिय स्वच्छताको बारेमा जानकारी गराइएको थियो। यसका साथै व्यवहार परिवर्तन सञ्चारको प्रस्तुतिकरण गरिएको थियो। अभिमुखीकरण २०८१ साल मंसिर १२ गते सञ्चालन गरिएको थियो भने समुदायबाट ३५ जनाको सहभागीता रहेको थियो।

यसैगरी २०८१ साल चैत्र १८ गते सामुदायिक स्वच्छता अभिमुखीकरण राजापुर नगरपालिका वडा नं. ५ बदालपुरमा सम्पन्न गरिएको थियो भने २०८२ साल जेठ १ गते वडा नं. ८ ओस्तारपुरमा सम्पन्न गरिएको थियो। बदालपुर टोलमा ३० जना र ओस्तारपुरमा ३३ जनाको सहभागीता रहेको थियो। अभिमुखीकरण कार्यक्रमलाई राजापुर नगरपालिकाका प्रशासन तथा योजना अनुगमन तथा रोजगार संयोजक रमेश पोखेलले सहजिकरण गर्नु भएको थियो।

## ४) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी युवाहरुको व्यवहार परिवर्तन अभिमुखीकरण

युनिक नेपालले सामुदायमा स्वच्छता बारे जनचेतना जगाउने उद्देश्यले समुदाय तथा विद्यालय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी जनचेतना अभिबृद्धि गर्न र विद्यालयका बालबालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तनका लागि अभिमुखीकरण सम्पन्न गरेकोछ। अभिमुखीकरण कार्यक्रममा खानेपानी शुद्धिकरण गर्ने तरिका, चर्पीको प्रयोग र यसको महत्व, हातधुने तरिका, वातावरणीय सरसफाई, खानेपानी सरसफाई तथा स्वच्छताको फाइदा, महिनावारी व्यवस्थापन र आराम कक्षको बारेमा जानकारी गराईएको थियो। राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरको मुक्त कमैया टोल र सुकुम्बासी टोलमा सञ्चालन भएको अभिमुखीकरणमा समुदायका २६ जनाको सहभागीता रहेको थियो। कार्यक्रम २०८२ साल असार ११ गते सम्पन्न भएको थियो। यसैगरी वडा नं. ५ बदालपुरमा असार १२ गते सम्पन्न भएको कार्यक्रममा समुदायका २५ जनाको सहभागीता रहेको थियो।

यसै गरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी जनचेतना अभिबृद्धि गर्न विद्यालय स्तरमा पनि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो। २०८२ साल जेठ १२ गते श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय बदालपुर, जेठ १६ गते श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नयाँगाउँ, जेठ १८ गते श्री किसान माध्यमिक विद्यालय खल्लाजयपुर र जेठ २० गते श्री पद्म कुमारी माध्यमिक विद्यालय जयपुरमा अभिमुखीकरण सञ्चालन गरिएको थियो। कक्षा ७, ८ र ९ मा अध्ययनरत विद्यार्थीहरुलाई अभिमुखीकरण गरिएको थियो। अभिमुखीकरण कार्यक्रममा चारवटा विद्यालयका जम्मा २ सय ६१ जना विद्यार्थीहरुको सहभागीता रहेको थियो भने युनिक नेपालका स्वयंसेवक द्वय दिल कुमारी थारु र असविना चौधरीले सहजिकरण गर्नु भएको थियो। स्वयंसेवक द्वय दिल कुमारी थारु र असविना चौधरीलाई अभिमुखीकरण तालिमा पठाउनु पुर्व खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि अभिमुखीकरण गरिएको थियो।

## ५) सामुदायिक भूमि साक्षरता तालिम

युनिक नेपालले सुरक्षित आवास  परियोजना अन्तर्गत भूमि साक्षरता सम्बन्धी तालिम सञ्चालन गरेको छ। आम समुदाय भूमि, भू-सम्बन्ध, सुरक्षित आवास र असल भू-शासन सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको हो।

तालिममा भूमिको परिचय, भूपरिवेशको विश्लेषण, भूमिहिनताको परिभाषा र कानुनी व्यवस्था, अव्यवस्थित बसोबास व्यवस्थापन, आवासको अधिकार, भूमिमा महिलाको अधिकार, जग्गा धनीको अधिकार र काम कर्तव्य, नापी र मालपोत कार्यालयबाट प्राप्त हुने सेवाहरु, सरकारी, सार्वजनिक, सामुदायिक जग्गाको संरक्षण, भूउपयोग वर्गिकरण र योजना, जग्गा नापजाँच सम्बन्धि सामान्य जानकारी र भूशाासनको स्थानिकरणको बारेमा जानकारी गराईएको थियो। तालिम २०८१ असोज ६ गते देखि १७ गते सम्म राजापुर नगरपालिका वडा नं. ५ चमकपुर र वडा नं. ८ फूलवारी टोलमा सञ्चालन भएको थियो। तालिममा दुबै टोलका गरी ४९ जान स्थानीय आम जनसमुदयबाट सहभागी हुनु भएको थियो।

यसै गरी राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर टोलमा मंसिर महिनामा आयोजना गरिएको थियो भने यो तालिममा ३२ जनाको सहभागीता रहेको थियो । तालिमको सहजिकरण युनिक नेपालका सामाजिक परिचालन अधिकृत शंकर चौधरीले गर्नु भएको थियो ।

## ६) वातावरण मैत्री स्थानीय सरकार सम्बन्धी अभिमुखीकरण

युनिक नेपालले वातावरण मैत्री स्थानीय सरकार सञ्चालनका लागि प्रोत्साहन गर्न पालिकाका प्रतिनिधीहरुलाई वातावरण मैत्री स्थानीय सरकार सञ्चालन ढाँचा (EFLG) सम्बन्धी अभिमुखीकरण सञ्चालन गरेकोछ । अभिमुखीकरण कार्यक्रममा वित्तीय व्यवस्थापन, वातावरण मैत्री स्थानीय सरकार सञ्चालन ढाँचा २०७८, सामुदायिक स्वच्छता र सूचक र यसका सूचक प्राप्तीका लागि गर्न पर्ने काम कर्तव्यको बारेमा छलफल गरिएको थियो । EFLG को मुख्य उद्देश्य वातावरणमैत्री हिसावले सुरक्षित, दिगो र स्वच्छ स्थानीय शासन व्यवस्था स्थापना गर्न प्राकृतिक स्रोतहरुको संरक्षण र सदुपयोग सुनिश्चित गर्छ ।

अभिमुखीकरण कार्यक्रममा राजापुर नगरपालिका उपप्रमुख सहित २३ जना प्रतिनिधीहरुको सहभागीता रहेको थियो । कार्यक्रमलाई युनिक नेपालका कार्यक्रम संयोजक सोम प्रसाद चौधरीले सहजिकरण गर्नु भएको थियो । कार्यक्रम २०८१ साल चैत्र १७ गते सम्पन्न गरिएको थियो ।

## ७) विपद पोर्टल तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी अभिमुखीकरण

युनिक नेपालले परियोजना अन्तर्गत स्थानीय स्तरमा विपद सम्बन्धि काम गर्दै आएको संस्था, संगठन तथा समुदायलाई विपद सम्बन्धी हुन सक्ने खतरा, विपदका तथ्याङ्क र विपद जोखिम न्यूनिकरण गरी दिगो विकास गर्ने उद्देश्यले विपद पोर्टल तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेकोछ । अभिमुखीकरण कार्यक्रममा राजापुर नगरपालिका र गेरुवा गाउँपालिका रेडक्रस सोसाईटीका सभापतिहरु, वडा सदस्यहरु, CDMC सदस्यहरु, USAID तयार नेपालका प्रतिनिधी, र पत्रकारहरु गरी २४ जनाको सहभागीता रहेको थियो ।

अभिमुखीकरण कार्यक्रममा स्थानीय स्तरमा रहेको मुख्य विपद जोखिम, मनसुन जन्य जोखिम न्यूनिकरण बारे जानकारी, तथ्याङ्क संकलन, त्यसको व्यवस्थापन तथा प्रयोग र राहत कार्यको विस्तृत रुपमा जानकारी गराइएको थियो । कार्यक्रम २०८१ साल जेठ ३२ गते राजापुर कटेजमा सम्पन्न भएको थियो ।

## ८) संकटासन्नता मुल्याङ्कन क्षमता विकास तालिम

स्थानीय सरकार र समुदायलाई क्षमता अभिबृद्धि गर्न जालवायु परिवर्तन अनुकूलन र दिगो विपद जोखिम न्यूनिकरण योजना सम्बन्धी अद्यावधिक तथा जोखिम न्यूनिकरणको कार्यान्वयन गर्ने उद्देश्यले युनिक नेपालले संकटासन्नता तथा क्षमता विश्लेषण तालिम सम्पन्न गरेकोछ ।

विपद र विपद व्यवस्थापनको चरण, समुदायमा आधारित विपद र यसको व्यवस्थापन, विपद जोखिम अनुमान, विपदको वर्गिकरण, विपद जोखिम न्यूनिकरणका उपकरणको बारेमा छलफल तथा जानकारी गराइएको थियो । शान्तिपुर टोलमा २०८१ साल भाद्र १९ गते देखि २० गते सम्म सञ्चालन गरिएको थियो । यस तालिम कार्यक्रममा ३६ जनको सहभागीता रहेको थियो ।

यसैगरी २०८२ साल बैशाख ११ गतेका दिन सुकुम्बसी टोलमा स्थानीय विपद व्यवस्थापन समितिका ६५ जना सदस्यहरुलाई सुरक्षित आवास सचेतनाका लागि सहभागीतामूलक अवधारणा, संकटासन्नता तथा क्षमता विश्लेषण औजारहरु बारे अभिमुखीकरण प्रदान गरेको थियो । कार्यक्रम युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## ९) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन दिग्दर्शन २०७८ सम्बन्धी अभिमुखीकरण

राजापुर नगरपालिकाका स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरुलाई विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र सञ्चलन तथा व्यवस्थापन दिग्दर्शन २०७८ सम्बन्धी अभिमुखीकरण गर्ने उद्देश्यले युनिक नेपालले २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेकोछ । अभिमुखीकरण कार्यक्रममा सिकाई केन्द्र स्थापनाको महत्व तथा फाइदा, स्थापना तथा सञ्चालनको लागि स्थानीय तहको काम कर्तव्य, आपतकालीन अवस्थाको लागि जिम्मेवारी, बजेट विनियोजन, उद्धार तथा राहत, स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र समुदायमा आधारित विपद र त्यसको व्यवस्थापनको बारेमा अभिमुखीकरण गरिएको थियो । अभिमुखीकरण कार्यक्रम २०८१ साल मंसिर २५ गते सम्पन्न भएको थियो भने ३२ जना सदस्यहरुको उपस्थिति रहेको थियो । राजापुर नगरपालिकाका स्थानीय आपतकालीन कार्य सञ्चलान केन्द्र बर्दियाका सहजकर्ता खुशी राम चौधरीले सहजिकरण गर्नु भएको थियो ।

## १०) पाइलट क्लाइमेट स्मार्ट भिलेज सहयोग

युनिक नेपालले पाइलट क्लाइमेट स्मार्ट गाउँ स्थापनाको लागि राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर र वडा नं. ५ बदालपुरमा सामाग्री वितरण गरेकोछ। परियोजना अन्तर्गत शान्तिपुर टोलमा ३ थान आगो निभाउने सिलिण्डर, ६७ जनालाई बायोस्याण्ड फिल्टर र सुधारिएको चुल्हो ३८ जनालाई वितरण गरेको थियो । आपतकालिन अवस्थामा आगलागिको अवस्थामा आगो निभाउने सिलिण्डर सहयोग प्रदान गरिएको थियो भने सुरक्षित खाने पानी फिल्टरको लागि बायोस्याण्ड फिल्टर वितरण गरिएको हो। साथै सुरक्षित तरिकाले कम हरितगृह ग्याँस उत्सर्जन गरी खान पकाउन सहयोग हुने सुधारिएको चुल्हो वितरण गरिएको छ। वितरण गरिएको सामाग्री जलवायु अनुकूलनमा टेवा पुर्‍याई वातावरण संरक्षणमा सहयोग गर्दछ।

## ११) न्यूनिकरण सामाग्री सहयोग

युनिक नेपालले जलवायु परिवर्तन तथा विपद न्यूनिकरण गर्नका लागि राजापुर नगरपालिका वडा नं. ५ बदालपुर टोलमा सामाग्री वितरण गरेकोछ। सुरक्षित आवास परियोजना अन्तर्गत रुख विरुवा बार्ने जाली निर्माण गरी वितरण गरेको थियो। यस टोलको सडक छेउमा रोपिएको बोटविरुवाको संरक्षण गर्ने उद्देश्यले जाली वितरण गरिएको थियो । युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुले टोलका बरघर जोखन थारुलाई ७१ थान रुख बिरुवा बार्ने जाली हस्तान्त्रण गर्नु भएको थियो।

## १२) जलवायु परिवर्तन तथा जोखिम न्यूनिकरण सामाग्री सहयोग

युनिक नेपालले जलवायु परिवर्तन तथा विपद जोखिम न्यूनिकरण गर्नका लागि राजापुर नगरपालिकालाई सामाग्री वितरण गरेकोछ। विपद जोखिम न्यूनिकरणका सामाग्री सुरक्षित आवास परियोजान अन्तर्गत गरिएको थियो। २०८१ साल भाद्र ५ गतेका दिन युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारुले राजापुर नगरपालिकाका प्रमुख दिपेश थारुलाई एक कार्यक्रमका बीच सामाग्री हस्तान्त्रण गर्नु भएको थियो। हस्तान्त्रण कार्यक्रममा लाईफ ज्याकेट २६ थान, हाते माईक २६ थान र हाते टर्च लाईट २६ थान हस्तान्त्रण गर्नु भएको थियो। विपद जोखिम न्यूनिकरणमा सहयोग हुने उद्देश्यले नगरपालिकालाई सामाग्री हस्तान्त्रण गरिएको थियो।

## १३) समुदाय स्तरमा बाढीको जोखिम सम्बन्धी कृत्रिम अभ्यास:

समुदाय स्तरमा बाढीको जोखिम सम्बन्धी कृत्रिम अभ्यास अभिमुखीकरण राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरका सामुदायिक विपद व्यवस्थापन समितिका सदस्यहरुलाई गरेको छ। अभिमुखीकरण कार्यक्रममा बाढीको जोखिम, प्राथमिक उपचार, प्राथमिक उपचारको सिद्धान्त, हड्डी भाँचिनु, यसका लक्षण, जिउमा फोका पर्नु, यसको उपचार, झटपट झोलाको तयारी, पूर्व सूचना प्रणालीको बारेमा छलफल, अभ्यास तथा प्रस्तुतिकरणको माध्यमबाट अभिमुखीकरण गरिएको थियो।

कृत्रिम अभ्यास कार्यक्रमलाई नेपाल रेडक्रस सोसाईटी बर्दियाका सहजकर्ता चक्र बहादुर थापाले सहजिकरण गर्नु भएको थियो। कार्यक्रममा ३० जनाको सहभागीता रहेको थियो।



बाढीको जोखिम सम्बन्धी कृत्रिम अभ्यास अभिमुखीकरण कार्यक्रमको तस्बिर।

## १४) वित्तीय साक्षरता तालिम

सुरक्षित आवास परियोजना अन्तर्गत समुदायलाई १२ दिने वित्तीय साक्षरता तालिम प्रदान गरेको छ। राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुर मुक्त कमैयाँ टोलको दुई स्थान र सुकुम्बासी टोलमा साथै राजापुर नगरपालिका वडा नं. २ नयाँगाउँमा वित्तीय साक्षरता तालिम प्रदान गरिएको थियो। साक्षरता कार्यक्रमको वित्तीय साक्षरता सम्बन्धी सीप र ज्ञान, ई-बैंकिङ्ग, वित्त परिचालन, कर्जा सदुपयोगिता, बचत तथा यसको परिचालन, पारिवारिक बजेट, वित्त जोखिम व्यवस्थापन, आय तथा व्यय, व्यावसायिक योजना निर्माण, इच्छा र आवश्यकता बारे सचेतना जगाउने लक्ष्य रहेको थियो। तालिमको सहजिकरण युनिक नेपालकी सचिव निर्मला चौधरी र कोषाध्यक्ष जीत बहादुर थारुले गर्नु भएको थियो। वित्तीय साक्षरता तालिममा जम्मा १ सय ७ जना सहभागी रहेका थिए।




सुरक्षित आवास परियोजना अन्तर्गत वित्तीय साक्षरता सम्बन्धी तालिम पछि सामुहिक तस्बिर ।

## ग) परियोजनाको अनुगमन तथा मूल्याङ्कन

परियोजनाको कार्यान्वयन गर्दै गर्दा त्यसको अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाई यी महत्वपुर्ण पाटोहरु हुन् । परियोजना प्रभावकारी र गुणस्तरीय बनाउनका निम्ति अति आवश्यक पनि छ । यसको लागि परियोजना अन्तर्गत निम्न अनुसारको कार्यहरु गरिएको थियो ।

### अ) कार्य समितिको अनुगमन

अनुगमन परियोजनाको क्रियाकलाप र नीतिहरु योजना अनुसार कतिको राम्रोसँग कार्यान्वयन भईरहेको छ भनी तुलना गर्न जानकारी संकलन तथा विश्लेषण गर्ने नियमित प्रक्रिया हो । परियोजना सही दिशामा गई रहेको छ की छैन र मूल्याङ्कन मात्र होइन भविष्यमा परियोजनाहरुको सुधार गर्न परियोजना चक्रमा विभिन्न सरोकारवालाहरुको जवाफदेहिता र सिकाईलाई पनि महत्वका साथ समावेश गर्ने गर्दछ ।

यसर्थ परियोजनाको समयावधि भित्र युनिक नेपालको कार्यसमितिबाट नियमित अनुगमन तथा मूल्याङ्कन गरिएको थियो । कार्य समितिबाट नियमित अनुगमनले परियोजना कार्यान्वयन गर्न सहज भएको थियो । यसका साथै साझेदार संस्थाका कर्मचारी तथा राजापुर नगरपालिकाबाट प्रमुख, उप-प्रमुख, योजना संयोजक, इन्जिनियर लगायत युनिक नेपालका कर्मचारीहरुको नियमित अनुगमन गरिएको थियो । यसैगरी बदालपुरमा पनि परियोजनाको नियमित अनुगमन कार्यकारी अध्यक्ष तथा समय समयमा सचिव, कोषाध्यक्ष तथा सदस्यहरुबाट गरिएको थियो ।



राजापुर नगर प्रमुख, उपप्रमुख सहित युनिक नेपालका अध्यक्ष तथा प्रविधिक टोली सहित सुरक्षित परियोजनाको बदालपुर टोलमा संयुक्त अनुगमनको तस्बिर

### आ) मासिक कर्मचारी बैठक

परियोजना कार्यन्वयनको दौरानमा मासिक कर्मचारी बैठकहरु नियमित रुपमा आयोजना गर्दै आएको थियो । कार्यक्रमको प्रगति प्रतिवेदन कार्य समिति र कर्मचारीहरुलाई प्रस्तुत गर्ने र आगामी महिनाको कार्य योजना बनाउने उद्देश्यले बैठकहरु आयोजना गर्ने गएिको थियो । साथै बैठकमा आर्थिक प्रगति प्रतिवेदन पनि प्रस्तुत गर्ने गरिन्थ्यो । फिल्डमा काम गर्ने कर्मचारी र कार्यालयमा काम गर्ने कर्मचारीहरु यस किसिमको बैठकबाट परियोजनाको प्रगति बारे बुझ्न सजिलो भएको थियो भने अनुगमनबाट आएको सुझावहरु तथा आई परेको समस्याहरुको समाधान गर्न सहज भएको थियो ।

### इ) समाजिक लेखापरिक्षण

परियोजना अन्तर्गत राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरका मुक्त कमैया टोल र सुकुम्बासी टोलको सामाजिक लेखापरिक्षण २०८१ साल चैत्र १८ सम्पन्न गरिएको थियो । सामाजिक लेखापरिक्षणको उद्देश्य अनुगमन अभ्यास, परियोजनाको क्रियाकलाप सञ्चालन गर्दा व्यवस्थित तरिकाले प्रक्रियाहरु पालना भएको छ, छैन ? समुदायको सहभागीतामा बजेट परिचालन र निर्णय प्रक्रियामा परदर्शिता छ, छैन भन्ने

रहेको थियो। सामाजिक लेखापरिक्षणमा दुवै समुदायका उपभोक्ता समितिका सदस्यहरुले परियोजना अन्तर्गत भएका काम, बजेट परिचालन, सामुदायिक सहभागीता र निर्णय प्रक्रियाको अभिलेखहरु प्रस्तुत गर्नु भएको थियो।

## ई) परियोजनाको सल्लाहाकार बैठक तथा अनुगमन

परियोजनाको स्थानीय तहको सल्लाहाकार समितिको अनुगमन २०८१ साल चैत्र १८ गतेका दिन शान्तिपुरको मुक्त कमैया र सुकुम्बसी टोलमा गरिएको थियो। राजापुर नगरपालिकाका प्रमुख दिपेश थारुको नेतृत्वमा अनुगमन गरिएको थियो। युनिक नेपाल र राजापुर नगरपालिकाको संयुक्त रुपमा वडा नं. ४ शान्तिपुरका दुईवटै टोलमा अनुगमन गरिएको थियो।

अनुगमनमा राजापुर नगरपालिकाका नगर प्रमुख दिपेश थारु, युनिक नेपालका कार्यकारी अध्यक्ष प्रिम बहादुर थारु, नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत दशरथ बुढा, वडा अध्यक्षहरु शिवलाल थारु, विदुर पोखेल, रमेश दहित, योजना संयोजक रमेश कुमार पोखेल, वडा सदस्यहरु सब-ईन्जिनियर, सहायक सब-ईन्जिनियरहरुको उपस्थिति रहेको थियो। साथै युनिक नेपालका कार्यक्रम संयोजक सोम प्रसाद चौधरी, सब-ईन्जिनियर ज्ञान बहादुर चौधरी, कुन्दन भण्डारी, सामाजिक परिचालन अधिकृतहरु शंकर चौधरी र राधेकृष्ण थारुको पनि सहभागीता रहेको थियो।



युनिक नेपालको केन्द्रीय कार्यालयमा ह्याविटाट नेपालका कार्यक्रम निर्देशक सहितको टोली।

यसैगरी राजापुर नगरपालिका वडा नं. ५ बदालपुरमा पनि राजापुर नगरपालिका प्रमुख दिपेश थारु, उपप्रमुख मनकला कुमारी चौधरी, युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारु, नगरपालिका प्रमुख प्रशासकिय अधिकृत दशरथ बुढा लगायत वडा अध्यक्ष तथा कर्मचारीहरुको उपस्थितिमा २०८२ असार १५ गते संयुक्त अनुगमन सम्पन्न गरिएको थियो। यसैगरी २०८२ भाद्र २२ गतेका दिन ह्याविटाट नेपालका कार्यक्रम निर्देशक लक्षिन्द्र महर्जन, हेड अफ अप्रेशन धनगढीकी पुनिता चौधरी, प्राविधिक प्रवन्धक अंशु कुमार पाल र वरिष्ठ प्रवन्धक सुप्रिया राई बदालपुरको सुरक्षित आवास परियोजनाको अनुगमन गर्नु भएको थियो।

## घ) प्रमुख उपलब्धीहरु


- राजापुर न.पा. वडा नं. ४ शान्तिपुर र वडा नं. ५ बदालपुरको शुरुमा आधारभूत सर्वेक्षण सम्पन्न गरियो र सर्वेक्षको आधारमा जम्मा ४६ वटा घरहरुको छनौट गरियो।
- चार वटा उपभोक्त समितिको गठन र तिनीहरुको भूमिका र जिम्मेवारी तथा घर निर्माण कार्य व्यवस्थापन बारे व्यवस्थापन तालिम प्रदान।
- शान्तिपुरको मुक्त कमैया र सुकुम्बासी टोलमा २६ वटा र बदालपुरमा २० वटा गरी जम्मा ४६ वटा चर्पी सहितको भुकम्प प्रतिरोधी तथा जलवायु अनुकुल भएको घर निर्माण।
- सामुदायिक विपद व्यवस्थापन समितिलाई सुरक्षित आवास जनचेतनाका लागि सहभागीतामूलक अवधारणा र संकटासन्नता तथा क्षमता मूल्याङ्कन अवधारण बारे अभिमुखीकरण गरिएको छ।
- सामुदायिक जोखिम व्यवस्थापन समितिहरुलाई विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र सञ्चलन तथा व्यवस्थापन दिग्दर्शन २०७८ सम्बन्धि अभिमुखीकरण ३२ जनालाई प्रदान गरिएको।
- वित्तीय साक्षरता तालिमको माध्यमबाट समुदायका १०७ जना समुदायका महिलाहरुलाई आय आर्जन, बचत तथा खर्च व्यवस्थापनको जानकारी पाएका छन्।

## ङ) चुनौतीहरु

- नगरपालिकाले परियोजना क्षेत्र ढिलो गरी देखाउनु र सम्झौता गर्दा समयमा काम सञ्चालन गर्न ढिलो भएको थियो।
- निर्माण कार्यका लागि छनौट भएको आपुर्ति कर्ताले ब्लक उपलब्ध गराउन नसक्दा फेरी अर्को आपुर्ति कर्ताबाट सामान खरिद गर्नु परेको कारण काम गर्न ढिलाई भएको थियो।
- आपुर्ति कर्ताहरुले उपभोक्ता समितिलाई उधारोमा सामान दिन नमान्दा निर्माण कार्य सहज बनाउन निकै कठिन भएको थियो।
- बर्षात र खेतीपातीको समय भएकोले घर निर्माणका लागि दक्ष कामदार र समुदायलाई परिचालन गर्न कठिनाई भएको थियो।


## ग) तथ्याङ्क प्रतिवेदन:

### आ.व. २०८१/०८२ को लैंगिक सहभागिता तथ्याङ्क




| पुरुष | महिला | **जम्मा** |
|---|---|---|
| १७६३ | १६२१ | **३३८४** |

### जातिगत सहभागिता




| | |
|---|---|
| ब्राह्मण/क्षेत्री | २२४ |
| थारु जनजाती | ३१०० |
| पहाडी जनजाती | ४ |
| दलित | ४९ |
| अन्य | ७ |
| **जम्मा** | **३३८४** |

# घ) लेखापरिक्षण प्रतिवेदन

## United Youth Community Nepal (UNYC)

Bardiya, Nepal

### Statement of Income & Expenditure

For the year ended 32 Ashad 2082 (16 July 2025)

*Amount in NRs.*

| Particulars | Notes | FY 2081.82 | FY 2080.81 |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 3.12 | 20,888,374.00 | 8,569,288.00 |
| Financial Income | 3.13 | 7,801,033.28 | 14,760,972.37 |
| Other Income | 3.14 | 7,201,831.46 | 1,637,909.36 |
| **Total Income** | | **35,891,238.74** | **24,968,169.73** |
| **EXPENDITURE** | | | |
| **Project Expenses** | | | |
| Program Expenses | A.1 | 16,188,207.00 | 5,994,689.00 |
| Employee Benefit Expenses | A.2 | 4,060,379.00 | 2,181,893.00 |
| Administrative Expenses | A.3 | 319,894.00 | 196,803.00 |
| **Organizational Core Expenses** | | | |
| Employee Benefit Expenses | 3.15 | 3,047,913.00 | 2,565,437.00 |
| Program Expenses | 3.16 | 4,322,995.00 | 6,835,069.00 |
| Depreciation and Amortization Expenses | 3.17 | 2,105,943.28 | 2,255,549.91 |
| Other Administrative Expenses | 3.18 | 4,461,826.66 | 4,762,339.77 |
| Impairment loss on Financial Assets | 3.19 | 21,155,465.21 | - |
| **Total Expenditure** | | **55,662,623.14** | **24,791,780.68** |
| **Net Surplus/(Deficit) For the year** | | **(19,771,384.40)** | **176,389.05** |
| Income Tax Expenses | | | |
| Current Year Taxes | 3.20 | 288,337.33 | - |
| Previous Year Taxes | 3.20 | - | - |
| Deferred Expenses/(Income) | 3.21 | 7,673.02 | 128,493.64 |
| **Surplus/(Deficit) Transferred to Unrestricted Funds** | | **(20,067,394.75)** | **47,895.41** |

Accounting policies and notes to the accounts are integral part of this financial statements

As Per Our Report of Even Date

| | | | |
|---|---|---|---|
| Prem Kumar Tharu<br>**Admin & Account Officer** | Bhagiram Tharu<br>**Member** | Nirmal Kumar Tharu<br>**Member** | CA. Shesh Mani Dahal<br>**Sr. Partner**<br>**SDR Associates**<br>**Chartered Accountants** |
| Radha Kumari Chaudhary<br>**Member** | Basanti Kumari Chaudhary<br>**Member** | Jit Bahadur Tharu<br>**Treasurer** | |
| Nirmala Chaudhary<br>**Secretary** | Prim Bahadur Tharu<br>**Chairperson** | | |

Date:- 13 Kartik 2082

Place: Bardiya, Nepal

## United Youth Community Nepal (UNYC)

Bardiya, Nepal

### Statement Of Financial Position

As on 32 Ashad 2082 (16 July 2025 )

*Amount in NRs.*

| Particulars | Notes | 32 Ashad 2082 | 31 Ashad 2081 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property Plant and Equipment | 3.1 | 52,880,143.27 | 46,586,534.26 |
| Capital Work in Progress | 3.1 | 60,507,727.00 | 12,460,637.00 |
| Intangible Assets | 3.2 | 62,206.77 | 77,758.46 |
| Investments | 3.3 | 67,160,700.00 | 69,517,200.00 |
| Deferred Tax Assets | 3.21 | 85,451.47 | 93,124.49 |
| **Total Non-Current Assets** | | **180,696,228.51** | **128,735,254.22** |
| **Current Assets** | | | |
| Inventories | 3.4 | 175,217.39 | 242,182.38 |
| Advances and Receivables | 3.5 | 6,221,844.82 | 5,836,126.37 |
| Income Tax Assets (Net) | 3.20 | 13,563,731.62 | 9,720,593.62 |
| Investment in Fixed Deposit | 3.6 | 45,000,000.00 | 122,500,000.00 |
| Cash and Cash Equivalents | 3.7 | 6,220,875.15 | 5,310,671.10 |
| **Total Current Assets** | | **71,181,669.03** | **143,609,573.53** |
| **Total Assets** | | **251,877,897.55** | **272,344,827.75** |
| **RESERVE & LIABILITIES** | | | |
| **Accumulated Reserves** | | | |
| Unrestricted Funds/Accumulated Surplus | 3.8 | 250,016,050.27 | 270,083,445.03 |
| Designated Funds | 3.9 | 1,085,886.00 | 1,085,886.00 |
| Restricted Funds | 3.10 | 254,547.28 | (160,090.28) |
| **Total Accumulated Reserves** | | **251,356,483.55** | **271,009,240.75** |
| **Current Liabilities** | | | |
| Trade and Other Payables | 3.11 | 521,414.00 | 1,335,587.00 |
| **Total Current Liabilities** | | **521,414.00** | **1,335,587.00** |
| **Total Liabilities and Reserve** | | **251,877,897.55** | **272,344,827.75** |

Accounting policies and notes to the accounts are integral part of this financial statements

As Per Our Report of Even Date

| | | | |
|---|---|---|---|
| Prem Kumar Tharu<br>**Admin & Account Officer** | Bhagiram Tharu<br>**Member** | Nirmal Kumar Tharu<br>**Member** | CA. Shesh Mani Dahal<br>**Sr. Partner**<br>**SDR Associates**<br>**Chartered Accountants** |
| Radha Kumari Chaudhary<br>**Member** | Basanti Kumari Chaudhary<br>**Member** | Jit Bahadur Tharu<br>**Treasurer** | |
| Nirmala Chaudhary<br>**Secretary** | Prim Bahadur Tharu<br>**Chairperson** | | |

Date:- 13 Kartik 2082

Place: Bardiya, Nepal

# ङ) युनिक नेपालको चिनारी

## १. युनिक नेपालको संक्षिप्त परिचय

युनिक नेपाल सामुदयिक विकासका लागि सदस्यतामा आधारित गैर नाफामुखी र सेवामुलक गैर सरकारी संस्था हो । यो संस्था समाज सेवामा समर्पित युवाहरुको अथक प्रयासबाट जिल्ला प्रशासन कार्यालय बर्दियामा विधिवत रुपले २०५२ साल जेठ १९ गते दर्ता भएको हो । सानो तर दृढ संकल्प बोकेका युवाहरुको समुहले आफ्नै सानो कोषबाट यो संस्थाको शुभारम्भ गरी आजको यो अवस्थामा आइपुगेको छ ।



लक्ष्य निर्दिष्ट कार्यक्रमगत क्रियाकलाप, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ निकाय तथा वित्तीय संस्थाहरुको सहयोगमा स्थानीय जनसमुदायको व्यापक समर्थन र दक्ष तथा प्रतिवद्ध जनशक्तिको मेहनतबाट लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशहरुमा आफ्नो कार्यक्रमहरु केन्द्रीत गर्दै अन्य जिल्लाहरुमा समेत आवश्यकता अनुसार कार्यक्षेत्र विस्तार गरेको छ।

## २. उद्देश्य:

युनिक नेपालको प्रमुख उद्देश्यहरु बुँदागत रुपमा निम्नानुसार रहेका छन्।

क. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा जनचेतना बढाउने।

ख. ग्रामिण क्षेत्रका जनताको स्वास्थ्य प्रवर्द्धनमा सहयोग गर्ने।

ग. पुस्तकालय तथा वाचनालय मार्फत जनचेतनाको विकास गराउने।

घ. विश्वमा विद्यमान पर्यावरण समस्या समाधानका लागि वातावरणीय चेतना अभिबृद्धि गर्ने।

ङ. थारु समुदायको भाषा, साहित्य, कला र संस्कृति लयायत विभिन्न क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने।

च. आदिवासी जनजातिहरुको उत्थान र विकास गर्दै मुल प्रवाहीरणको लागि विभिन्न समुदाय प्रति सहिष्णुताको भावना जागृत गर्दै राष्ट्रिय संघ संगठनहरुसँग सम्बन्ध विस्तार गरी समन्वय र सहकार्य गर्ने।

छ. मानव अधिकार सम्बन्धी चेतना अभिवृद्धि गराउने।

ज. आकास्मिक सेवा प्रदान गर्नका लागि एम्बुलेन्स सेवा संचालन गर्ने।

## ३. लक्षित समुदाय

युनिक नेपालको प्रमुख लक्षित समुह थारु समुदाय लगायत सम्पुर्ण आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, विपन्न वर्ग, मुक्त कमैया तथा पछाडि पारिएका समुदायहरु हुन। साथै परियोजनाको प्रकृति अनुसार लक्षित समुदायहरु पहिचान गर्ने गरिन्छ।

## ४. कार्य क्षेत्र र अनुभव

युनिक नेपालले स्थापना काल देखि निरन्तर शिक्षा, कृषि, स्वास्थ्य, जैविक विविधता, लघुवित्त र सीप विकासका साथै भौतिक निर्माणको क्षेत्रमा काम गर्दै आएको छ। यसको लागि शिक्षा कार्यालय, जर्मन विकास सेवा, स्टीफटुङ्ग, विश्व शिक्षा, प्याक्ट नेपालको साझेदारीमा शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरेको छ। यसै गरी आइ.डि.ई. नेपाल, जेएफपीआर, विनरक इन्टरनेशनल, फिन्ट्रयाक आदिको साझेदारीमा कृषि कार्यक्रम संचालन गरेको अनुभव छ। डासु/डानिडा, युएमएन, एनएफआरपी, युएसएआइडी, जिल्ला विकास समिति, गा.वि.स., आदिको साझेदारीमा विद्यालय भवन, कल्भर्ट, पुल पुलेसा, सामुदायिक भवन, आदि निर्माण तथा जनपरिचालन गरेको छ। आईएलओ, पश्चिम तराई गरिबी निवारण आयोजना, सीएसपी, डीफीडको सहयोगमा मुक्त कमैया परिवार र बालमजदुर उन्मुलनका लागि एकिकृत कार्यक्रम सञ्चालन गरेको सफल अनुभव छ। स्वास्थ्य सम्बन्धी कार्यक्रम सेभ द चिल्ड्रेन, र युएसएआइडी/फिन्ट्रयाकको सहयोगमा सञ्चालन गरेको लामो अनुभव छ। इन्टरनेशनल अलर्ट र सेफरवर्ल्डको साझेदारीमा शान्ति स्थापनाको कार्यक्रम पनि सञ्चालन गरिसकेको छ भने ■ाविट्र्याट फर ह्युम्यानीटि इन्टरनेश्नल नेपालको साझेदारीमा मुक्त कमैयाहरुको सुरक्षित आवस निर्माण तथा बाढी प्रभावित क्षेत्रमा सुरक्षित बाँसको सेल्टर निर्माण कार्यक्रम सञ्चालन गरिसकेको अनुभव छ। साथै युएनडीपी/जीइएफ/एसजीपीको साझेदारीमा पनि वातावरण र जैविक विविधता संरक्षण साथै थारु जडीबुटी ज्ञान र थारु बैडावा अभ्यास संरक्षणलाई लक्षित गरी नयाँ कार्यक्रम सफलताका साथ सञ्चालन गरेको छ।

युनिक नेपालले आरएमडिसी लगायत “क” वर्गको विभिन्न १३ वटा बैंक तथा वित्तीय संस्थाहरुको ऋण सहयोगमा १८ वर्ष सम्म निरन्तर लघुवित्त कार्यक्रम पनि गरिसकेको सफल अनुभव छ। लघुवित्तलाई थप प्रविधियुक्त र छिटो कार्यक्षेत्र विस्तार गर्नका लागि सक्षम च्यालेन्ज फण्ड, निट र किसान परियोजनाको साझेदारी कार्यक्रम समेत सञ्चालन गरी सकेको छ। नेपाल राष्ट्र बैंकको नीति तथा कार्यक्रम अनुसार आफ्नो लघुवित्त कार्यक्रमलाई “घ” वर्गको वित्तीय संस्थामा रुपान्तरण गरी लघुवित्त कार्यक्रम हस्तान्तरण गरी सकेको छ।




एम्बुलेन्सका लागि : मो. ९८४८०६७४७०/९८०४५५४४६४ (दिपुलाल चौधरी)

युनिक नेपाल

राजापुर नगरपालिका वडा नं. २, जोतपुर, बर्दिया
०८४ ४२१०३८ गुलरिया, ९८५८०४३३५५ जोतपुर
unyc.bardiya@gmail.com
www.unycnepal.org.np
www.facebook.com/unycnepal2052